म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २५१ बुधबार, १० बैशाख २०८२ ने. सं. ११४५ चौलागा 21 April 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं**

- सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
- सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
- सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं,
- सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कक्षा १२ को परीक्षा स्थगित, बैशाख २१ बाट हुने

साझाकुरा संवाददाता

हेटौंडा, ९ बैशाख/ राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को परीक्षा निर्धारित मितिमै सञ्चालन गर्न सबै संयन्त्र प्रयोग गर्ने निर्णय गरेकै दिन परीक्षा स्थगित गरेको छ ।

बोर्डले बैशाख ११ गतेबाट सुरु हुने भनिएको कक्षा १२ को परीक्षा बैशाख २१ देखि गर्ने भएको छ । शिक्षक आन्दोलनका कारण कक्षा १२ को परीक्षा सञ्चालन गर्न अन्योल सिर्जना भएपछि परीक्षा सार्ने निष्कर्षमा परीक्षा बोर्ड पुगेको हो । बोर्डका सदस्यसचिव जंगबहादुर अर्यालले बोर्डले कक्षा १२ को परीक्षा स्थगित गरेको जानकारी दिएका छन् । आउँदो बिहीबारबाट हुने परीक्षा अब बैशाख २१ गतेबाट हुने बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले जानकारी दिए ।

मंगलबार विहान बसेको बोर्ड बैठकले कर्मचारी परिचालन गरेरै भएपनि तोकिएकै दिन आउँदो बिहीबार परीक्षा सञ्चालन गर्ने निर्णय गरेको थियो । बोर्डको यो निर्णयप्रति चौतफी आलोचना भएपछि बोर्डका अध्यक्ष शर्मा सहितको टोली बेलुका प्रधानमन्त्री केपी शर्मा ओलीसँग छलफल गर्न पुगेको थियो । छलफलमा प्रधानमन्त्री ओलीले केहीदिन परीक्षा सार्न निर्देशन दिएको बताइएको छ । यसअघि विहानको बोर्ड बैठकले प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लामा रहेको जिल्ला परीक्षा समन्वय समितिलाई सम्पूर्ण जिम्मा दिएर निजामति कर्मचारी परिचालन गरी परीक्षा संचालन गर्ने निर्णय गरेको परीक्षानियन्त्रक कृष्ण शर्माले बताएका थिए ।

नेपाल शिक्षक महासंघले परीक्षा सञ्चालनमा सहभागी नहुन शिक्षक कर्मचारीलाई आह्वान गरेको थियो । चैत २० गतेबाट काठमाडौं केन्द्रित सडक प्रर्दशन गर्दै आएको महासंघले २५ गतेबाट शैक्षिक हड्ताल घोषणा गरेको थियो । यसबीचमा शिक्षकहरुसँग सहमति गर्ने शिक्षामन्त्री विद्या भट्टराईको प्रयास सफल हुन नदिएपछि उनले स्वास्थ्यको कारण देखाएर राजीनामा दिइसकेकी छन् । यो पटक कक्षा १२ को परीक्षामा पाँच लाख विद्यार्थी



सहभागी हुँदैछन् । परीक्षाका लागि जापान सहित एक हजार पाँच सय ९१ परीक्षाकेन्द्र निर्धारण गरिएको थियो । त्यति नै संख्यामा केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष परीक्षामा संलग्न हुने योजना थियो । परीक्षामा दुई हजार कर्मचारी, २० हजार सुरक्षाकर्मी परिचालन हुने परीक्षा बोर्डको तयारी थियो ।

यस्तै नतिजा प्रकाशनमा शिक्षकको असहयोग घोषणाका कारण कक्षा १० को अन्तिम परीक्षा दिएर बसेका पाँच लाख १४ हजार विद्यार्थीको उत्तरपुस्तिका परीक्षणको काम पनि ठप्प भएको छ । शिक्षक आन्दोलनका कारण सामुदायिक विद्यालयमा पढ्ने ५५ लाख बालबालिकाको पढ्न नपाएको भन्दै आलोचना भइरहेको छ । तत्कालै विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने शिक्षकको माग संसदीय प्रक्रियामा रहेकोले पेचिलो बन्दै आएको छ । विधेयकमाथि संसदीय समितिमा छलफल भइरहेको र ऐन निर्माणको प्रक्रिया छिटो पूरा गर्ने प्रधानमन्त्री ओलीले बताउँदा समेत शिक्षक महासंघले सडक आन्दोलनलाई निरन्तरता दिएको छ ।

प्रधानमन्त्री ओलीसँग शिक्षक नेताहरुको शुक्रबार मध्यरातसम्म छलफल भएको थियो । वैशाख ११ गतेदेखि हुने भनिएको परीक्षाको व्यवस्थापन र सञ्चालनमा शिक्षक सहभागी नभए अरु संयन्त्र प्रयोग गरेर भएपनि परीक्षा सञ्चालय गर्ने निर्णय बोर्डले गरेको थियो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् स्थानीय निकायलाई पत्राचार गरेको थियो । यसअघि परीक्षा सञ्चालनमा खटिने जनशक्तिका लागि तालिम हुने गरेको थियो तर, यसपटक शिक्षकहरु आन्दोलनमा भएकाले तालिम भएको थिएन ।

शिक्षक महासंघले भने परीक्षा नै बहिस्कार गर्ने अडान कायम राखेको छ । 'दुईदिन बाँकी छ । यस्तो समयमा बोर्डले परीक्षा गर्ने निर्णय गऱ्यो भने हामी असहयोग गर्छौं, शैक्षिक हड्ताल कायमै छ,' शिक्षक महासंघका महासचिव तुलाबहादुर थापाले भने । शिक्षा ऐन जारी गर्न माग गर्दै चैत २० गतेदेखि शिक्षक तथा कर्मचारीले काठमाडौंमा आन्दोलन गरिरहेका छन् । आन्दोलनका कारण कक्षा १२ को परीक्षा हुने कि नहुने ? भन्ने अन्योल भएका बेला मंगलबार बिहान परीक्षा बोर्ड बैठकले निर्धारित मितिमै परीक्षा सञ्चालन गर्ने निर्णय गरेको थियो । मंगलबार राति परीक्षा १० दिनका लागि स्थगित गर्ने सूचना गरेको छ ।

**निजामति कर्मचारी परिचालन अमान्य : ट्रेड युनियन**

निजामति कर्मचारी ट्रेड युनियनले कक्षा १२ को परीक्षा संचालनमा निजामति कर्मचारी परिचालन गर्न खोजिएको भनेर असन्तुष्टि जनाएको थियो ।

मंगलबार प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा युनियनका नेताहरुले असन्तुष्टि जनाएका हुन् । '१२ कक्षाको परीक्षामा निजामति कर्मचारी परिचालन गर्न खोजिएको छ, त्यसमा हाम्रो असहमति छ,' नेपाल निजामति कर्मचारी युनियनका कार्यबाहक अध्यक्ष उत्तम कटुवालले भनेका थिए । शिक्षकको आन्दोलनप्रति आफूहरुको पूर्णसमर्थन रहेको भन्दै उनले शिक्षक आन्दोलन कमजोर बनाउने प्रयासलाई समर्थन गर्न नसकिने बताए ।

**१२ को परीक्षा प्रक्रियामा सहभागी हुन शिक्षकलाई धम्की आयो : महासंघ**

राष्ट्रिय परीक्षा बोर्डका पदाधिकारी र सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट शिक्षकहरुलाई धम्की आएको भन्दै नेपाल शिक्षक महासंघले यस्तो कार्यप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

महासंघले मंगलबार विज्ञप्ति जारी गर्दै ११ वैशाखदेखि सुरु हुने भनिएको कक्षा १२ को परीक्षाकेन्द्र रहेका विद्यालयका प्रधानाध्यापक र शिक्षकलाई बोर्डका पदाधिकारी र जिल्ला प्रशासनबाट धम्कीसहित परीक्षा प्रक्रियामा सामेल हुन दबाव आएको जनाएको छ । विगत २२ दिनदेखि काठमाडौंमा आन्दोलन जारी रहेको भन्दै महासंघले कक्षा १२ को परीक्षा प्रक्रियामा कुनैपनि हालतमा सहभागी नहुन प्रधानाध्यापक, शिक्षक तथा विद्यालय कर्मचारीलाई आग्रह गरेको छ ।

महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी र महासचिव तुलाबहादुर थापाले विज्ञप्ति जारी गर्दै कक्षा १२ को केन्द्र तोकिएका विद्यालयका केन्द्राध्यक्षलाई काठमाडौं केन्द्रित सडक आन्दोलमा आउन आह्वान गरेको छ ।

## २२५ बोतल अनरेक्स सहित पर्साका मुम्ताज पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ९ बैशाख/ मकवानपुर प्रहरीले २२५ बोतल लागुऔषध अनरेक्ससहित सुमो र चालकलाई नियन्त्रणमा लिएको छ । मंगबार विहान अन्दाजी ६ बजेको समयमा प्रहरीचौकी रातोमाटेबाट खटिएको प्रहरीटोलीले हेटौंडा-१५ स्थित रातोमाटे चेकपोष्टमा सवारी चेकजाँच गर्ने क्रममा बाराको अमलेखगंजबाट काठमाडौंतर्फ जाँदै गरेको मधेश प्रदेश ०३-००१ ज ४५१ नम्बरको सूमोसहित चालकलाई नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा पर्साको बहुदरमाई नगरपालिका वडा नम्बर ९ बस्ने २४ वर्षीय मुम्ताज मिया रहेका छन् । मियाले सूमोको छतमा टायर राखी टायरभित्र प्वाल पारी २ सय २५ बोत्तल अनरेक्स लुकाइछिपाई ल्याएको अवस्थामा फेला पारिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## कर नबुझाउने १२२ जना करदातामाथि कारबाही

साझाकुरा संवाददाता

हेटौंडा, ९ बैशाख/ आन्तरिक राजस्व कार्यालय मकवानपुरले लामो समयदेखि कर नबुझाउने १२२ जना करदातामाथि कारबाही अघि बढाएको छ ।

दर्ता भएर पनि लामो समयदेखि कर नबुझाउने करदाताको अभिलेख तयार गरेर बैंक खाता, आयात निर्यात र सम्पत्ति रोक्काका लागि कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको प्रमुख करअधिकृत युक्तप्रसाद सुवेदीले जानकारी दिए । कर नबुझाएका करदाताबाट करिब ६० करोड रुपैयाँभन्दा बढी बक्यौता उठाउन बाँकी रहेको कार्यालयले जनाएको छ । 'पटकपटक कर बुझाउन मौखिक र पत्राचार गरिए पनि आलटाल गर्ने करदातामाथि कारबाही अघि बढाएका छौँ', प्रमुख करअधिकृत सुवेदीले भने, 'त्यही भएर हामीले करदाताको बैंक खाता, कारोबार, घरजग्गा र आयात निर्यात रोक्काका लागि प्रक्रिया अघि बढाएका छौँ ।' कानुनी प्रक्रिया अघि बढाएपछि केही करदाता कर बुझाउनसमेत आउने गरेको उनको भनाइ थियो ।



यस्तै, आन्तरिक राजस्व कार्यालय मकवानपुरले चालु आर्थिक वर्ष २०८१/८२ को नौ महिनाको अवधिमा चार अर्ब ८७ करोड ५९ लाख राजस्व संकलन गरेको छ । यो लक्ष्यको ८२ दशमलव ३२ प्रतिशत संकलन भएको हो । कार्यालयप्रमुख सुवेदीका अनुसार चालु आव २०८१/८२ को नौ महिनाको अवधिमा छ अर्ब चार करोड ५४ लाख ३६ हजार राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा चार अर्ब ८७ करोड ५९ लाख छ हजार राजस्व संकलन भएको छ ।

चालु आर्थिक वर्ष २०८१/८२ मा आठ अर्ब ४४ करोड राजस्व संकलन गर्ने वार्षिक लक्ष्य रहेको प्रमुख सुवेदीले बताए । यो कार्यालयमा आयकरतर्फ ३४ हजार २२९, मूल्य अभिवृद्धितर्फ पाँच हजार ९५३, अन्तशुल्कतर्फ एक हजार ६११, विथहोल्डतर्फ ७१३ र व्यक्तिगततर्फका ८४ हजार ४२९ करदाता रहेका छन् ।

पछिल्लो समय मुलुकमा आर्थिक कारोबार बढ्नु, बैंक तथा वित्तीय संस्थाबाट ऋण प्रवाहमा सहजता हुनु, कर नीतिमा सुधार हुनु, नियमित बजार अनुगमन, कर दाता शिक्षा सञ्चालन तथा बाँकी बक्यौता असुलीमा गरिएको कडाइजस्ता कारणले अघिल्लो आर्थिक वर्षको छ महिनाको तुलनामा चालु आवको यो अवधिमा राजस्व संकलनमा वृद्धि भएको प्रमुख सुवेदीको भनाइ छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# सामुदायिक विद्यालका प्रधानाध्यापक

यतिबेला मुलुकका सामुदायिक विद्यालयका शिक्षक कर्मचारी आन्दोलनमा छन् । काठमाडौं केन्द्रित आन्दोलन सुरु भएको पनि तीन साता बितिसकेको छ । तर, सरकारले शिक्षकका आन्दोलनलाई सम्बोधन गर्न सकिरहेको छैन । बिगतका सरकारले पटकपटक सहमतिका नाममा झुक्याएकै कारण यो पटकको शिक्षक आन्दोलन पेचिलो बन्दै गएको छ । संस्थागत विद्यालयले पठनपाठन सुरु गरिसक्दा सामुदायिक विद्यालयमा विद्यार्थी भर्नाको सुरसार भएकै छैन । यतिबेला विद्यार्थीका हातमा नयाँ पाठ्यपुस्तक हुनुपर्ने थियो तर, सामुदायिक विद्यालयका विद्यार्थी अन्योलमा छन् । शिक्षाक्षेत्रलाई ब्यवस्थित गर्ने कार्यमा सरकार उदासिन देखिएको छ । शिक्षकले राखेको सानातिना माग बिगतका दिनमा पूरा गरेको भए अहिले यो अवस्था आउने थिएन । सरकारले सामुदायिक विद्यालय शिक्षा सुधार गर्ने हो भने सामान्य विषयमा बढी ध्यान दिनु जरुरी छ । सानातिना विषयमा पनि ध्यान पुर्‍याउन नसकेको सरकारले शिक्षकका ठूला माग सम्बोधन गर्ने सम्भावना पटक्कै छैन ।

सामुदायिक विद्यालय सुधार र विगारको मुख्य दोषी विद्यालयको प्रधानाध्यापक हुन्छ । अहिले जतिपनि सामुदायिक विद्यालय सुधारमा छन्, नमूना बनेर चिनिएका छन् । त्यसको पहिलो जिम्मेवारी सामुदायिक विद्यालयका प्रधानाध्यापकले सम्हालेका छन् । प्रधानाध्यापकसँगै सबै शिक्षकको भूमिका र जिम्मेवारी अहम छ । तथापी विद्यालय कता जाने, कता लैजाने, कति कार्यक्रम सफल पार्ने, शिक्षक र विद्यार्थीलाई कतिसम्म प्रोत्साहन गर्ने, मूल्यांकनको पाटोलाई कसरी विश्वसनीय र विद्यालयको नतिजालाई उकास्ने लगायत प्रमुख जिम्मेवारी प्रधानाध्यापकलाई नै हुन्छ । त्यसैले सक्षम शिक्षकलाई मात्रै प्रधानाध्यापक बनाउनुको बिकल्प छैन । पछिल्ला दिनमा स्थानीय सरकारलाई चित्त नुझेका प्रधानाध्यापकलाई हटाएर आफ्ना मान्छेलाई प्रधानाध्यापक बनाउने लहर नै चलेको छ । हरेक शिक्षक आफैंमा सक्षम छन् । वडातहबाटै शिक्षकलाई अपमान गर्न खोजिएको छ, जुन गलत अभ्यास भइरहेको छ । सामुदायिक विद्यालयका शिक्षकमा पनि केही शिक्षक 'अलराउण्डर' जस्तो भूमिकामा हुन्छन् र त्यस्ता भूमिका कुशलतापूर्वक निभाउन सक्छन् । जसले शिक्षकलाई मात्र होइन् सिंगो विद्यालयलाई सही दिशामा डोहोर्‍याउन सक्छन् । पछिल्ला केही उदाहरण लिने हो भने राजनीतिक रुपमा आबद्धता भएका व्यक्तिलाई प्रधानाध्यापक बनाउने होड चल्यो भन्ने छ । यो आफैंमा विरोधाभास होइन् तर, धेरै शिक्षकले राजनीतिक पहुँचकै आधारमा प्रअ भएपनि जिम्मेवारी पूरा गर्न सकेका छैनन् । सामुदायिक विद्यालयमा यो ठुलो कमजोरी हो । प्रधानाध्यापक त्यो हो, जसले व्यक्तिगत रुपमा एउटा शिक्षकभन्दा धेरै माथी उठेर सिंगो विद्यालय, सबै शिक्षक, विद्यार्थी, अभिभावकलाई सँगसँगै लैजान सक्छ ।

यदि सक्षम शिक्षक प्रधानाध्यापक भयो भने उसले विद्यालय सुधार गर्ने नीति आफैं बनाउँछ । कसैले बनाएको नीति शिक्षक र विद्यार्थीलाई लादिर हन पर्दैन । विद्यार्थी र शिक्षकलाई अनुकूल हुने र सबैले आफ्नो 'एक्स्ट्रा' जिम्मेवारी पनि पूरा गर्न सक्नेगरी विद्यालयको साझा नीति बनाउँछ । यदि विद्यालयले नीति बनाउँछ भने त्यहाँ अभिभावक, शिक्षक र विद्यार्थी सबैलाई आवश्यक जिम्मेवारी पूरा गराउने सक्षमता पनि उसले देखाउन सक्छ । त्यसैले विद्यालयको पठनपाठन नसुध्रनुको मुख्य कारण के हो ? कक्षाकोठा किन व्यवस्थित हुन सकेन ? शिक्षकहरु किन इमान्दार हुन सकेनन् ? विद्यार्थीले पढेनन् की शिक्षकले पढाएनन् ? की विद्यार्थीले शिक्षकले पढाएको नै बुझेनन् ? यी सबै कुराको ख्याल र तत्कालै समाधानको उपाय दिनसक्ने शिक्षक प्रधानाध्यापक हो । यो राजनीतिक पहुँच र कसैको खुशीको लागि भन्दा विद्यालयलाई नयाँ दिशा र सफलतातिर लैजान सक्ने जिम्मेवारी बोक्ने शिक्षक हुनुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ बैशाख ११ गते बिहीबार २४ अप्रिल २०२५ । एकादशी, बैशाख कृष्णपक्ष । चौलागा ११४५ ने.सं. । सूर्योदय ५:३३, सूर्यास्त ६:३३ । लोकतन्त्र दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोरञ्जन प्राप्त हुनेछ | **तुला** | : मनमा निरासा उत्पन्न हुनेछ |
| **वृष** | : व्यापारबाट लाभ मिल्नेछ | **वृश्चिक** | : समयले साथ दिनेछ |
| **मिथुन** | : स्वास्थ्योपचारमा खर्च हुनेछ | **धनु** | : रमाइलोमा दिन बित्नेछ |
| **कर्कट** | : मानसिक असन्तुष्टि बढ्नेछ | **मकर** | : जोश जागर आउनेछ |
| **सिंह** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | **कुम्भ** | : समयले साथ दिनेछ |
| **कन्या** | : काम अपुरै रहने देखिन्छ | **मीन** | : राम्रो समाचार सुन्न पाइनेछ |

# इन्जिनियरिङ समुदायको आवाज नजरअन्दाज नगरियोस्



✍इ. सुदर्शन शर्मा

कुनै पनि देशमा राजनैतिक परिवर्तनहरु सँगै निश्चित व्यवस्थामा विश्वस्त र प्रतिबद्ध रहँदै शासन प्रणाली अगाडि बढ्ने गर्दछ । नेपालमा विगतको दशकहरुमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा आधारित रहेर संविधान जारी लगायतपश्चात ऐन कानुन निर्माणको चरणमा प्रवेश गरेको छ । यसो हुँदा यस व्यवस्थामा राष्ट्रको प्रगतिमा सम्पूर्ण अवयवहरुलाई तादात्म्य रुपमा परिचालन गर्न आवश्यक वैधानिक प्रावधानहरुको प्रबन्ध गर्न राजनीति केन्द्रित छ भन्ने विश्वास गरिनुपर्छ । तर त्यो विश्वास त्यतिबेला मात्र सार्थक हुन्छ, जब अवयवहरूको आवाज संगठित र हस्तक्षेपकारी ढंगमा प्रकट हुन्छ ।

समग्र देशको समुन्नतिको सपना त्यस देशको भौतिक पुर्वाधारको अवस्थामा जोडिन्छ । सबैखाले विकासका पुर्वाधारहरूको मुख्य आधार नै इन्जिनियरिङ्ग क्षेत्र र त्यसको सम्मानित र सहज सञ्चालन हो । यसर्थ, जुनसुकै समुन्नतिको सपना देख्ने वा देखाउने सरोकारवालाहरूले इन्जिनियरिङ्ग क्षेत्रलाई यथार्थ मुल्यांकन गर्न सक्नुपर्दछ । अन्यथा, ती सबै सपनाहरु काल्पनिक साहित्य मात्रै हुन्, जुन यथार्थमा आइपुग्न पनि अन्ततोगत्वा यस क्षेत्रकै गौरवपूर्ण उपस्थिति आवश्यक छ । यसरी हरेक पक्षको समुन्नति सँग जोडिएको इन्जिनियरिङ क्षेत्र आफैं पनि थप प्रखर रुपमा मुखरित हुन र ऐक्यबद्ध हुन आवश्यक छ साथै त्यस्ता विगतदेखिका प्रयासहरु महसुस गर्न सकिने स्तरमा आउनुपर्छ ।

### नेपाल र विश्व परिदृश्यको तुलना

मानव समाजको विकासक्रममा इन्जिनियरिङ क्षेत्रले मूलभूत भूमिका निर्वाह गर्दछ । वस्तु र चेतनाको द्वन्दबाट गुज्रिरहेको संसारमा मानव जातिले आर्जन गरेको वस्तुसँगको सम्बन्धलाई कुनै न कुनै नाममा र कुनै न कुनै तवरबाट इन्जिनियरिङ क्षेत्रले सम्बोधन गर्दछ । आधुनिक विश्वमा शिक्षा, प्रविधि, पूर्वाधार, ऊर्जा, सूचना प्रवाहदेखि लिएर स्वास्थ्य सेवासम्मका प्रत्येक पक्षमा यसको योगदान रहेको छ । नेपाल र विश्वका अन्य मुलुकहरूबीच इन्जिनियरिङ क्षेत्रमा प्रसस्तै समानता तथा उल्लेखनीय भिन्नता पाइन्छ ।

नेपालमा इन्जिनियरिङ अध्ययनका लागि स्थापित शिक्षण संस्थाहरूले अनवरत रुपमा नेपालको इन्जिनियरिङ क्षेत्रको शैक्षिक पूर्वाधारमा योगदान पुर्याउँदै आएका छन् । यद्यपि, नेपालमा इन्जिनियरिङ शिक्षामा अझै पनि प्रयोगात्मक अभ्यासको कमी, अनुसन्धानको सीमित अवसर र पाठ्यक्रमको अस्पष्ट सैद्धान्तिक झुकाव देखिन्छ । अर्कोतर्फ, विदेशमा इन्जिनियरिङ शिक्षा अनुसन्धान-आधारित, प्रयोगशाला केन्द्रित र उद्योगसँग सहकार्यमा आधारित हुने गर्दछ । विभिन्न विकसित देशहरुमा प्राविधिक विश्वविद्यालयहरूले शिक्षा र समाज तथा उद्योग बीचको गहिरो सम्बन्ध विकास गरेका छन् ।

रोजगारीको सन्दर्भमा हेर्दा, नेपालमा इन्जिनियरहरू प्रायः निर्माण, सडक, जलविद्युत, टेलिकम, र सूचना प्रविधि क्षेत्रमा संलग्न देखिन्छन् । यद्यपि, मौलिक इन्जिनियरिङको रुग्ण दस्तावेजिकरण, उद्योगहरूको सीमितता, सरकारी योजनाहरूको अस्थिरता र निजी क्षेत्रको अपर्याप्त लगानीका कारण दक्ष इन्जिनियरहरूले समेत मनपर्ने रोजगारी पाउन कठिन छ । विदेशमा भने इन्जिनियरहरू नवीनतम क्षेत्रमा काम गर्ने अवसर पाउँछन् । रोबोटिक्स,एयरोस्पेस,कृत्रिम बुद्धिकता (एआई), नवीकरणीय ऊर्जा, जैविक प्रविधि जस्ता क्षेत्रमा समेत काम गर्ने पर्याप्त अवसरहरु तथा उच्च पारिश्रमिक, अनुसन्धानको वातावरण र प्राविधिक नवप्रवर्तनको कारण विदेशमा इन्जिनियरिङ पेशा धेरै नै आकर्षक तथा सम्मानित रहेको छ ।

प्रविधि र नवप्रवर्तनको क्षेत्रमा नेपाल अझै परम्परागत प्रणालीमै आधारित छ । केही स्टार्टअपहरू, जस्तै कृषिमा प्रविधिको प्रयोग, डिजिटल सेवा प्रवाह र स्मार्ट प्रणालीको सुरुआत भइसके पनि ती प्रयासहरू प्रारम्भिक चरणमै सीमित छन् । सरकार तथा निजी क्षेत्रबाट पर्याप्त लगानी नहुनु र अनुसन्धानका लागि आवश्यक संरचना अभावले नवप्रवर्तनको गतिमा अवरोध पुर्याइरहेको छ । विदेशमा भने प्रविधिको विकास अत्यन्त तीव्र गतिमा भइरहेको छ । चौथो औद्योगिक क्रान्तिअन्तर्गत आईओटी, मेसिन लर्निङ, ठूला डेटा, स्मार्ट पूर्वाधार लगायतका विषयमा इन्जिनियरहरू अग्रसर छन् ।

अर्को महत्त्वपूर्ण पक्ष हो बौद्धिक पुँजी पलायन अर्थात 'ब्रेन ड्रेन' । अन्य क्षेत्रमा जस्तै, नेपालमा दक्ष र प्रतिभाशाली इन्जिनियरहरू पनि सीमित रोजगारीका अवसर, उद्यमशिलता केन्द्रित प्रणाली तथा सँस्कारको अभाव, कम पारिश्रमिक, र प्रविधिको कमजोर अवस्था आदिका कारण विदेशिने क्रम बढ्दो छ । विश्वव्यापीकरणको भावमा समेत निरंकुश शासकहरुद्वारा धावा बोल्ने क्रम कायमै रहेको हुँदा देशको बौद्धिक पुँजी पलायनको समस्या थप विकराल स्वरुपमा प्रकट हुन सक्छ । तर कुनै पनि बौद्धिक पुँजी असहज अवस्थामा लामो संघर्ष गर्न असमर्थ हुन सक्छ । उसो त बौद्धिक पुँजी पलायन भन्दा पीडादायी 'बौद्धिक पुँजी पलायन' हुन्छ ।

यो बौद्धिक पुँजी पलायनको समस्या केवल व्यक्तिको व्यक्तिगत निर्णय मात्र होइन, देशको दीर्घकालीन विकासमा बाधकसमेत बन्ने छ । यसको विपरीत, प्रविधिमा समृद्ध देशहरूले आफ्नो स्थितिलाई उद्यमशीलतालाई प्रवर्द्धन गर्ने सँस्कारमा अभिप्रेरित गर्दै विदेशी प्रतिभालाई आकर्षित गर्ने नीति र वातावरण बनाएका छन्, जसका कारण उनीहरूको नवप्रवर्तन क्षमतामा समेत उल्लेखनीय वृद्धि भएको छ ।

यसप्रकार, नेपालमा इन्जिनियरिङ क्षेत्रले आधारभूत प्रगति गरिरहेको भए पनि अझै धेरै सुधारको आवश्यकता छ । शैक्षिक गुणस्तरमा सुधार, अनुसन्धान प्रवर्द्धन, उद्योग र शिक्षा बीच सहकार्य र नवप्रवर्तनको प्रवर्द्धनका लागि वातावरण निर्माण गर्न सकेमा इन्जिनियरिङ क्षेत्र देशको समग्र विकासको मेरुदण्ड बन्न सक्छ । विदेशका उदाहरणहरूबाट सिकेर, नेपालले पनि आफ्ना इन्जिनियरहरूलाई देशमै अवसर दिन सक्ने नीति बनाउने हो भने बौद्धिक पुँजी पलायनको समस्या न्यूनीकरण गरी राष्ट्रिय समृद्धिमा ठूलो योगदान गर्न सकिनेछ ।

### नेपालका इन्जिनियरहरूको मनोभाव

नेपालका इन्जिनियरहरू आजको युगमा राष्ट्र निर्माणका लागि अत्यन्त महत्त्वपूर्ण जनशक्ति हुन् । यिनीहरूको मनोभाव देशको परिस्थितिअनुसार, पेसागत अवसरअनुसार, र व्यक्तिगत आकांक्षाअनुसार विभिन्न तहमा परिवर्तनशील देखिन्छ । अध्ययनकालदेखि कार्यक्षेत्रमा प्रवेश गर्नेसम्मका चरणमा नेपाली इन्जिनियरहरू उत्साह, अपेक्षा, निराशा र आशावादबीचको द्वन्द्वमा रहेका देखिन्छन् । अध्ययनको प्रारम्भमा अधिकांश इन्जिनियरिङ विद्यार्थीहरू उत्साहित र भविष्यप्रति आशावादी हुन्छन् । परिवार, समाज र आफ्नै सपना अनुसार अब्बल दर्जाका विद्यार्थीहरू इन्जिनियरिङ क्षेत्रमा प्रवेश गर्छन् । "राष्ट्र निर्माणका लागि काम गर्छु" भन्ने भावना धेरैमा पाइन्छ । तर अध्ययनकालमै उनीहरूले शिक्षाको गुणस्तर, प्रयोगात्मक अभ्यासको कमी, प्रयोगशालाको न्यूनता, र अध्यापन पद्धतिमा आएको अपूर्णताजस्ता समस्यासँग जुध्न थाल्छन् । यसले उनीहरूको प्रारम्भिक उत्साहमा केही हदसम्म गिरावट ल्याउँछ ।

एकातर्फ, राज्यले इन्जिनियर र अन्य प्राविधिक सेवाहरुलाई हेर्ने समान दृष्टिकोणको कारण पनि आफ्नो इन्जिनियरिङ प्रतिको झुकाव र लगावको कुनै विशिष्ट गौरव महसुस गर्न सक्दैनन् भने अर्को तर्फ प्रशासनिक क्षेत्रले विछ्याएको असमानताको जालोमा अल्झेको महसुस हरेक जसो दक्ष प्राविधिक हरुले गर्ने गरेका छन् । शिक्षा सम्पन्न गरेपछि रोजगारीको खोजी गर्ने क्रममा उनीहरूमा मिश्रित मनोभाव देखा पर्छ । एकातिर, पाएको ज्ञान र सीप प्रयोग गर्न आतुर भए पनि अर्कोतिर, बजारमा उपयुक्त अवसरहरूको अभावले उनीहरू निराश हुन्छन् । धेरै इन्जिनियरहरू बेरोजगारी वा पेशासँग मेल नखाने क्षेत्रमा काम गर्न बाध्य छन् । यस्तो स्थितिमा, उनीहरू आफूले गरेको कडा परिश्रम र लगानीको मूल्य प्राप्त नभएको महसुस गर्छन् । यसले उनीहरूमा पेशाप्रतिको मोह घटाउन सक्छ, आत्मविश्वास कमजोर पार्न सक्छ ।

बजारको परिमार्जित आवश्यकता अनुसारको विशेषज्ञता प्रदान गर्ने विषयहरूको कमी र बजारमा आवश्यक नै नभएको विषयको पनि अतिरिक्त विशेषज्ञता तर्फ आफ्नो अध्ययनकेन्द्रित रहेको महसुस, धेरै इन्जिनियर हरुले पढाईकै दौरान वा त्यसपश्चात गर्ने गरेका छन् । इन्जिनियरहरुको प्रमाणिकरण नेपाल इन्जिनियरिङ परिषदले गर्ने भए पनि त्यसको थप विधागत विशेषज्ञता प्रमाणित गर्ने कुनै निकाय र स्पष्ट नीति नहुँदा अनुभवी र अध्ययनशील तथा नयाँ र कम अध्ययन गरेका हरुलाई समेत समान व्यबहार गर्ने गरिएको पाइन्छ । यसले गर्दा थप विशेषज्ञता हाँसिल गर्ने र निश्चित क्षेत्रमा विशेष अनुभव लिने उत्साह कमजोर बनेको छ ।

यद्यपि, यस्तो अवस्था सबै इन्जिनियरहरूका लागि एकरूप छैन । केही इन्जिनियरहरूले सरकारी सेवा, निजी कम्पनी वा स्व-रोजगारीमा सफलता पाउँदा आत्मसन्तुष्ट र प्रेरित हुने गर्दछन् । उनीहरू आफ्नो ज्ञान प्रयोग गरेर समाजमा योगदान पुर्याउन इच्छुक देखिन्छन् । विशेषगरी, पछिल्लो समयमा केही युवाहरूले स्टार्टअप, सामाजिक प्रविधि, र परामर्श सेवाको माध्यमबाट नयाँ ढंगले अगाडि बढ्ने प्रयास गरेका छन् । यिनीहरूको मनोभाव आशावादी, आत्मनिर्भर र नवप्रवर्तनमुखी देखिन्छ । तर, समग्र रूपमा हेर्दा, धेरै इन्जिनियरहरूको प्रमुख चिन्ता भनेको देशमा पर्याप्त अवसरको अभाव हो । उच्च शिक्षाका लागि वा राम्रो पेसागत भविष्यका लागि विदेश जाने सोच व्यापक छ । यसले उनीहरूमा देशप्रतिको निष्ठा र योगदान गर्ने चाहनालाई कमजोर तुल्याउन सक्छ । तथापि, केही इन्जिनियरहरू भने विदेश गइ पनि नेपाल फर्केर काम गर्ने वा नेपालमै कामको सञ्जाल विस्तार गर्ने मनोभाव राख्छन्, जुन आशावादी संकेत हो ।

अतः, नेपालका इन्जिनियरहरूको मनोभाव उत्साह र निराशाबीच डुलिरहेकै अवस्था हो । उनीहरूमा क्षमता, सपना र योगदान गर्ने इच्छाशक्ति प्रशस्त छ, तर ती इच्छाहरूलाई व्यवहारमा रूपान्तरण गर्न सक्ने वातावरण, अवसर र प्रेरणा आवश्यक छ । यदि राज्य र समाजले यिनीहरूको मनोविज्ञान बुझेर सही दिशा प्रदान गर्न सके, भने इन्जिनियरहरूले देशको समृद्धि निर्माणमा अभूतपूर्व भूमिका निर्वाह गर्न सक्छन् ।

### इन्जिनियरिङ्ग क्षेत्रमा नयाा पुस्ता

२१औं शताब्दीको प्रविधिकेन्द्रित युगमा इन्जिनियरिङ क्षेत्रले विश्वव्यापी रूपमा तीव्र गतिमा विकास गरिरहेको छ । नेपालमा पनि इन्जिनियरिङको क्षेत्रमा नयाँ पुस्ताको आगमनसँगै सोच, दृष्टिकोण र कार्यशैलीमा उल्लेखनीय परिवर्तन देखिन थालेको छ । यो पुस्ता केवल पारम्परिक संरचना निर्माणमा सीमित छैन, बरु प्रविधि, नवप्रवर्तन, र उद्यमशीलता मार्फत समाज रूपान्तरणको सपना बोकेर अगाडि बढिरहेको छ । नयाँ पुस्ताका इन्जिनियरहरू अब केवल जागिर खोज्ने होइन, मानव जीवनको सहज सञ्चालनमा समाधान दिने सोचका साथ अघि बढ्नु पर्ने आवश्यकताबारे पूर्ण रुपमा सचेत छन् । परम्परागत ज्ञानका साथसाथै, नयाँ प्रविधिहरू (जस्तैः आर्टिफिसियल इन्टेलिजेन्स, मेशिन लर्निङ, इन्टरनेट अफ थिङ्स, ड्रोन टेक्नोलोजी, ग्रीन इनर्जी) को प्रयोगमार्फत निजी जीवन, समाज तथा देशका समस्याहरू समाधान गर्न नयाँ पुस्ता नै सबैभन्दा जागरुक हुन जरुरी हुन्छ ।

स्मार्ट कृषि, नवीन प्रविधिद्वारा सस्तो र प्रभावकारी पुर्वाधारहरूको निर्माण, डिजिटल प्रणाली विकास जस्ता क्षेत्रमा बढ्दो तरूण पुस्ताको रुचिलाई प्रवर्दन गर्न सबै सरोकारवालाहरू जागरुक हुन जरुरी छ । समाज र वातावरणप्रति संवेदनशील भाव राख्दै काम गर्ने युवा इन्जिनियरहरूमा समाजमा केही फरक गर्ने सामर्थ्य र सोच बलियो देखिन्छ, तर त्यसको प्रभाव विस्तार गर्न युवा वर्ग आँफैमा थप संगठित प्रयत्नहरु तर्फ केन्द्रित हुन आवश्यक छ ।

सार्वजनिक सेवामा इन्जिनियरिङ समुदायको उपस्थिति र त्यसको धरमराएको मर्यादा, सुरक्षा र संरक्षणले नयाँ पुस्तालाई त्यस तर्फ कम आकर्षित गर्न थालेको देखिन्छ । तर, जति पनि सार्वजनिक क्षेत्रमा प्रवेश गरेका महानुभावहरु हुनुहुन्छ उहाँहरु नै सार्वजनिक सेवाका सबैभन्दा प्रभावकारी र महशुस गर्न सकिने सेवा प्रदायकको रुपमा रहनुभएको छ । यही गौरवका कारण सार्वजनिक सेवामा र हनुभएका इन्जिनियरहरु आफ्नो कर्तव्यप्रति थप प्रतिबद्ध बन्न र आफ्नो पेशागत मर्यादा र सुरक्षा प्रति थप संगठित बन्न जरुरी छ । यसमा हरेक नयाँ पुस्ताले आफुलाई अब्बल सावित गर्दै गएको छ, त्यसलाई थप मजबुत बनाउँदै लग्न आवश्यक छ ।

निजी क्षेत्रमा युवा वर्गको चासो र आवश्यकता दुबै छ । बजारको आवश्यकता अनुसार काम गर्न निजी क्षेत्र लचिलो हुनुका कारण त्यसमा काम गर्न युवा पुस्ता नै थप प्रभावकारी हुन्छ । तर न्युन आर्थिक प्रोत्साहन, संकुचित वृत्तिविकास तथा निरन्तरताको चुनौतिका कारण निजी क्षेत्रको जागिरमा समेत युवाहरू अन्यौलमा देखिन्छन् । यस्तोमा राज्यको निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण र गर्ने अनुगमनको समेत उचित चिरफार गर्न हामी सबै लाग्नुपर्ने छ । साथै सामजिक रुपमा समेत निजी क्षेत्रलाई हरेक मानवप्रति संवेदनशील रहन अभिप्रेरित गर्न आवश्यक छ ।

अब जागिरलाई मात्र करियरको अन्तिम गन्तव्य मान्न हुँदैन । बरु आफ्नै स्टार्टअप सुरु गर्ने, सामाजिक उद्यम निर्माण गर्ने वा स्वतन्त्र परामर्शदाताका रूपमा कार्य गर्ने बाटोमा अघि बढिरहेका युवाहरूका लागि 'सस्तो, सरल र दिगो समाधान' मुलमन्त्र बन्नुपर्छ । नयाँ पुस्ताको अर्को विशेषता भनेको 'ग्लोबल थिंकिङ, लोकल अप्लिकेसन' हो । यस पुस्ताले इन्टरनेट, अनलाइन कोर्स, र अन्तर्राष्ट्रिय फोरम मार्फत विश्वका नवीनतम प्रविधिहरू सिकिरहेका छन् र तिनलाई नेपाली परिवेशमा लागू गर्न खोजिरहेका छन् । यस्तो सोचले उनीहरूलाई सीमित स्रोतसाधनबीच पनि प्रभावकारी समाधान निर्माण गर्न प्रेरित गरिरहेको छ ।

साथै, नयाँ पुस्तामा लैङ्गिक समानता, समावेशिता, र सहकार्यप्रतिको झुकाव पनि उल्लेखनीय छ । महिला तथा अल्पसंख्यक तथा सामाजिक संरचनाको विभेदमा परेका समुदायहरुका इन्जिनियरहरूको सहभागिता बढ्दो छ र उनीहरूले आफ्नो दक्षता, नेतृत्व क्षमता र संवेदनशीलतामार्फत नयाँ ऊर्जा ल्याइरहेका छन् । टीमवर्क र इन्टरडिसिप्लिनरी सोचलाई महत्व दिने प्रवृत्ति यो पुस्तामा बलियो देखिन्छ ।

तर, यस्ता सकारात्मक भावनासँगै चुनौतीहरू पनि विद्यमान छन् । प्रविधिमा दखल हुँदाहुँदै पनि बजारले समयमै अवसर नदिने, लगानीको अभाव, नीति निर्माणमा ढिलाइ र इकोसिस्टम कमजोर हुनुजस्ता समस्याले धेरै युवाहरू निराश बन्न सक्छन् । तथापि, आत्मबल र सामूहिक प्रयासहरू र प्रविधिको उपयोगद्वारा युवाहरूले उचित समाधान निकाल्न सक्दछन् । नेपालमा दक्ष तर बेरोजगार युवा इन्जिनियरहरूको संख्या ठूलो छ । यति हुँदाहुँदै पनि बजारमा विदेशका नागरिकले आधारभूत श्रम स्वीकृति समेत नलिई गैरकानुनी रुपमा इन्जिनियरिङ कार्यहरु गरेको प्रशस्तै उदाहरणहरू देख्न पाइन्छ । यसतर्फ राज्यको फितलो नियमनले धेरै युवाहरुको अवसरमाथी अन्याय भएको छ ।

इन्जिनियरिङ्ग क्षेत्रमा नयाँ पुस्ताले केवल प्रविधि मात्र होइन, भावनात्मक बुद्धिमत्ता, सामाजिक उत्तरदायित्व र नवप्रवर्तनलाई समेटेर नयाँ दिशा दिइरहेका छन् । यदि यस्तो ऊर्जा र सिर्जनशीलतालाई सही दिशानिर्देशन, नीतिगत समर्थन र अवसर प्रदान गरियो भने नेपालको इन्जिनियरिङ्ग क्षेत्र निकट भविष्यमा आत्मनिर्भर, नवीन र विश्वस्तरीय बन्न सक्छ र त्यसको लाभ प्रत्यक्ष रुपमा राष्ट्रले लिनसक्छ ।

### राष्ट्र निर्माणमा पुर्‍याएको योगदान

राष्ट्र निर्माण केवल राजनीतिक, सामाजिक वा आर्थिक क्षेत्रसँग मात्र सम्बन्धित हुँदैन, यसका आधारशिला प्रविधि, पूर्वाधार, र नवप्रवर्तनजस्ता पक्षहरूसँग पनि गहिरो रूपमा जोडिएका हुन्छन् । यिनै पक्षहरूलाई मूर्त रूप दिन सक्ने शक्ति इन्जिनियरिङ क्षेत्रसँग निहित हुन्छ । कुनै पनि राष्ट्रको भौतिक संरचना, ऊर्जा, सञ्चार, यातायात, कृषि र औद्योगिक विकासको मूलमा इन्जिनियरहरूको योगदान निहित हुन्छ । नेपालजस्तो विकासशील राष्ट्रका लागि त इन्जिनियरहरू राष्ट्र निर्माणका सच्चा अभियन्ता हुन् । नेपालमा इन्जिनियरहरूको भूमिकाको थालनी खासगरी भवन निर्माण, सिंचाइ प्रणाली, सडक निर्माण, र जलविद्युत् विकाससँगै भएको पाइन्छ । नेपालको विकासमा भएका सबैजसो उल्लेखनीय उपलब्धिहरु इन्जिनियरहरूको योजना, डिजाइन र कार्यान्वयन क्षमताबाट सम्भव भएका छन् । केही सीमित आयोजनाहरूले मात्र होइन, देशभर निर्माण भइरहेका साना-ठूला सडक, पुल, भवन, जलस्रोत व्यवस्थापन, तथा भूकम्पपछिको पुनःनिर्माणजस्ता कार्यहरू इन्जिनियरहरूको निरन्तर लगनशीलताको उदाहरण हुन् ।

यातायात संरचना निर्माणमा इन्जिनियरहरूको भूमिका महत्वपूर्ण रुपमा महसुस गर्न सकिन्छ । टाढा टाढासम्म पुग्ने सडक सञ्जाल, झोलुंगे पुल, विमानस्थल निर्माण र मर्मत र भूगोलको चुनौतीका बाबजुद परियोजनाहरूलाई सफलतापूर्वक सम्पन्न गर्नु सजिलो कार्य होइन । यस्ता कामहरू इन्जिनियरहरूकै प्राविधिक क्षमता र समस्या समाधान गर्ने शैलीको प्रतिफल हुन् । ग्रामीण भेगमा मोटरबाटो पुगेसँगै सामाजिक-आर्थिक रूपान्तरण सम्भव भएको हो, जसको श्रेय इन्जिनियरहरूलाई जान्छ । सूचना प्रविधि क्षेत्रमा पनि इन्जिनियरहरूको योगदान उल्लेखनीय छ । टेलिकम्युनिकेसन विस्तार, इन्टरनेट सेवा पहुँच, डिजिटल सेवाहरूको विकास र प्रवाहमा सूचना प्रविधिका इन्जिनियरहरूले महत्त्वपूर्ण काम गरेका छन् । बैंकिङ्ग, शिक्षा, स्वास्थ्य सेवा, र सरकारी सेवाहरूलाई डिजिटल बनाउने प्रक्रियामा इन्जिनियरहरूको भूमिका बढ्दो छ । यसले शासन प्रणालीलाई पारदर्शी, छरितो र प्रभावकारी बनाउन सहयोग पुर्‍याइरहेको छ ।

इन्जिनियरहरू मात्र प्रविधिकर्मी होइनन्, उनीहरू योजनाकार, व्यवस्थापक र नवप्रवर्तक पनि हुन् । गाउँदेखि शहरसम्म, निजी क्षेत्रदेखि सरकारी संयन्त्रसम्म, उनीहरूले सीप, दक्षता र वैज्ञानिक सोचको प्रयोग गरेर राष्ट्र निर्माणको प्रत्येक तहमा योगदान दिइरहेका छन् । प्राकृतिक प्रकोपको बेला इन्जिनियरहरू अग्रपंक्तिमा उभिएर देशको पुनःस्थापना कार्यमा संलग्न भएका छन् । उदाहरणको लागि २०७२ को भूकम्पपछिको मुल्यांकन तथा पुनर्निर्माण, बाढीपहिरो व्यवस्थापनका लागी भएका कार्यहरु आदिलाई लिन सकिन्छ ।

नवीनतम समयमा युवा इन्जिनियरहरू स्टार्टअप, स्मार्ट सिटी विकास, हरित ऊर्जा प्रवर्द्धन, र वातावरणीय दिगोपनाको क्षेत्रमा क्रियाशील छन् । उनीहरू केवल समस्या समाधानमा होइन, भविष्य निर्माणमा केन्द्रित छन् । यदि यिनै इन्जिनियरहरूलाई आवश्यक नीति, लगानी, प्रविधि र वातावरण प्रदान गरियो भने नेपालको समृद्धि तीव्र गतिमा अघि बढ्न सक्छ । यदि राष्ट्रले इन्जिनियरहरूलाई विश्वास, अवसर र मर्यादा दिन सकेमा, उनीहरू सच्चा विकासदूतका रूपमा राष्ट्र समृद्धिको मार्गचित्र कोर्न सक्षम छन् ।

वास्तवमा भन्नुपर्दा, इन्जिनियरिङ्ग क्षेत्र राष्ट्रको साँघुरो बाटोमा पनि फराकिलो सडक बनाउने शक्ति हो । जसरी एक दृढ र सबल आधार बिना घर टिक्दैन, त्यसरी नै इन्जिनियरहरूको योगदानबिना राष्ट्र निर्माण सम्भव हुँदैन । त्यसैले, इन्जिनियरहरूलाई केवल पेशागत भूमिकामा सीमित नराखी, उनीहरूको योगदानलाई राष्ट्रिय नीति र योजनामा समेटेर, उनीहरूलाई नेतृत्व र नवप्रवर्तनमा अघि सार्नु आजको आवश्यकता हो ।

### इन्जिनियरहरूको संगठित आवाज

राष्ट्रको भौतिक र प्रविधिक विकासका मेरुदण्ड इन्जिनियरहरू भए पनि, नेपालमा उनीहरूको आवाज अझै प्रभावकारी र संगठित रूपमा प्रस्तुत हुन सकेको छैन । जबसम्म कुनै पेशागत समुदाय संगठित हुँदैन, तबसम्म न त उनीहरूको हक अधिकार सुनिश्चित हुन्छ, न त उनीहरूले नीति निर्माणमा प्रभाव पार्न सक्छन् । इन्जिनियरहरूको बढ्दो संख्याका बाबजुद पनि उनीहरूको सामूहिक स्वर कमजोर हुनु रणनीतिक रूपमा दुर्बल पक्ष हो, जसको असर उनीहरूको व्यक्तिगत प्रगति मात्र होइन, समग्र राष्ट्र विकासमा पनि पर्छ ।

क्रमशः पृष्ठ-३....

# अटेरी मधेश सरकार, निरीह संसदीय समिति



जनकपुरधाम/मधेश प्रदेशसभा अन्तर्गतको महिला तथा बालबालिका संसदीय समितिले शिक्षा तथा संस्कृति मन्त्रालयअन्तर्गतको शैक्षिक कार्यक्रमको अनुगमन र निरीक्षण गर्ने निर्णय गऱ्यो । यसका लागि २७ मंसिर २०८१ म शिक्षा मन्त्रालयलाई प्राविधिक कर्मचारी उपलब्ध गराउन पत्राचारमार्फत् निर्देशन दियो । तर अहिलेसम्म शिक्षा मन्त्रालयले आवश्यक प्राविधिक कर्मचारी उपलब्ध गराएको छैन, जसकारण समितिले शैक्षिक कार्यक्रमको अनुगमन गर्न सकेको छैन ।

समिति सभापति रुपाकुमारी यादव भन्छिन्, 'प्राविधिक विना अनुगमन कसरी गर्ने ? शिक्षा मन्त्रालयले प्राविधिक पठाएन, त्यसैले अनुगमन गर्न सकेनौं ।' सोही समितिले एक वर्ष अगाडि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई मधेश प्रदेशका बर्थिङ सेन्टरहरूको अवस्थाबारे विवरण उपलब्ध गराउन निर्देशन दिएको थियो । तर अहिलेसम्म उक्त विवरण स्वास्थ्य मन्त्रालयले उपलब्ध गराएको छैन ।

'हामीले बर्थिङ सेन्टरको नयाँ बजेट बनाउनका लागि बनेकाहरुको अवस्था बुझ्न चाहेका थियौं । तर स्वास्थ्य मन्त्रालयले विवरण नै उपलब्ध गराएन । केही बर्थिङ सेन्टरहरू सञ्चालन नहुँदा बजेट सदुपयोग हुन सकेको छैन,' उनले भनिन् । यसै समितिले २५ वैशाख २०८१ मा चार मन्त्रालयलाई पत्राचार गर्दै आर्थिक वर्ष २०८०/८१ को योजना कार्यान्वयनको प्रगति विवरण पठाउन निर्देशन दिएको थियो । तर, श्रम तथा यातायात मन्त्रालय र स्वास्थ्य मन्त्रालयले अहिलेसम्म विवरण उपलब्ध गराएका छैनन् । समिति सभापति यादव भन्छिन्, 'शिक्षा र खेलकुद मन्त्रालयले विवरण उपलब्ध गराए, तर स्वास्थ्य र श्रम मन्त्रालयले अझै विवरण उपलब्ध गराएका छैनन् । हाम्रो निर्देशनको सबैभन्दा बढी बेवास्ता स्वास्थ्य मन्त्रालयले गरेको छ ।'

मधेश प्रदेशसभाको कृषि तथा भूमि व्यवस्थापन समितिले १२ वैशाख २०८१ मा गरेको निर्णयअनुसार आर्थिक वर्ष २०८०/८१ मा कृषि विद्युतीकरणका लागि विनियोजित बजेट कार्यान्वयन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिएको थियो । तर हालसम्म मन्त्रालयबाट उक्त निर्णय कार्यान्वयन भयो कि भएन भन्नेबारे जानकारी समितिमा पठाइएको छैन ।

निर्देशन कार्यान्वयन नगरेपछि, जवाफको प्रतीक्षामा बसेको समितिले तत्कालीन एकीकृत समाजवादी पार्टीका तर्फबाट मन्त्री रहेका गोबिन्दबहादुर न्यौपानेलाई स्पष्टीकरणका लागि समितिमा बोलाएको थियो । 'उहाँमाथि कारबाही प्रक्रिया सुरु गरिएको थियो, तर त्यसबीच सत्ता समीकरण परिवर्तन भई उहाँ बर्खास्त हुनुभयो' समितिका सभापति सञ्जयकुमार महतोले भने ।

यस्तै, समितिको ३० साउन २०८१ को बैठकले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र कृषि विकास निर्देशनालय जनकपुर अन्तर्गत वागवानी परियोजनाको र कम भुक्तानी सम्बन्धी जय धन्नजय रघवानी जे.भी, जलेश्वर-११ मधेनरीद्वारा दर्ता गराइएको निवेदनको विषयमा वास्तविक अवस्था स्पष्ट पार्न मन्त्रालयलाई सात दिनभित्र जानकारी उपलब्ध गराउन निर्देशन दिएको थियो । तर मन्त्रालयले अहिलेसम्म जवाफ पठाएको छैन ।

यसबारे सभापति महतोले मन्त्रालयबाट लिखित जवाफ नआएको र अख्तियारले सम्बन्धित सबै फाइल उठाएर लगेपछि समितिलाई मौखिक जानकारी मात्र प्राप्त भएको बताए । प्रदेशसभाको प्राकृतिक स्रोत, साधन तथा वातावरण समितिको अवस्था पनि फरक छैन । समितिले २४ मंसिर २०८० को बैठकबाट मधेश प्रदेशका गरीब तथा विपन्न वर्गका नागरिकलाई शीतलहरको समयमा सहज रूपमा काठ, दाउरा उपलब्ध गराउने विषयमा वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिएको थियो । समितिले लिखित रूपमा मन्त्रालयलाई पत्र पठाए पनि त्यसको कार्यान्वयन भयो कि भएन भन्नेबारे मन्त्रालयले हालसम्म कुनै जानकारी नदिएको सभापति शारदा पहाडीले बताइन् ।

'मन्त्रालयले लिखित रूपमा जानकारी पठाएको छैन । तत्कालीन मन्त्रीसँग कुरा गर्दा 'कार्यान्वयन हुँदैछ' भन्नु भएको थियो । भयो कि भएन थप हामी बुझ्न सकेनौं । लिखित जवाफ आएन' सभापति पहाडीले भनिन् । उनका अनुसार, गत साउन महिनामा नदीनालाको जोखिममा रहेका बस्तीहरूको निरीक्षण समितिले गरेको थियो । निरीक्षणको आधारमा सरकारलाई ती जोखिमयुक्त क्षेत्रलाई सुरक्षित पार्न निर्देशन दिइएको थियो । तर, त्यसको कार्यान्वयनको अवस्था हालसम्म समितिलाई जानकारी प्राप्त नभएको उनले बताइन् ।

मधेश प्रदेशसभाका सातवटै संसदीय समितिहरुको अवस्था करिब-करिब उस्तै छ । संसदीय समितिले दिएको निर्देशनको पालना भएको छैन । संसदीय समिति मिनी सांसद हो । तर सरकार र त्यसका निकायहरुले समितिलाई अटेर गर्ने गरेको समिति सभापतिहरुको गुनासो छ । विगतको पञ्चवर्षीय योजनाकालमा संसदीय समितिका काम सीमित र प्रभावकारी नहुँदा अहिलेका समितिहरुलाई सरकारले बोझ ठान्ने गरेको कृषि समितिका सभापति महतोको तर्क छ । 'पहिले कार्यकालमा समितिहरु नाममामात्र सीमित हुँदा अहिलेको समितिलाई सरकारले बोझ ठानिरहेको छ, अनावश्यक हस्तक्षेप गर्छ भनेर । सरकारको सोँच त्यस्तो देखिन्छ' उनले भने । तर समितिहरुले प्रभावकारी काम गर्दा विकृतिहरु पनि न्यूनीकरण भएर जाने उनको भनाइ छ ।

प्राकृतिक तथा स्रोत साधन समितिकी सभापति शारदा पहाडी समितिका सदस्य एवम् प्रदेशसभा सांसदहरुले पनि कामकर्तव्यप्रति चासो नदिएको गुनासो गर्छिन् । 'सरकार त बेवास्ता गर्छ नै । समितिका माननीयहरुलाई पनि चासो छैन । क्षमतावान माननीयहरु बैठकमा रेगुलर आइदिनुहुन्न' सभापति पहाडीले भनिन् । सरकार संसदप्रति उत्तरदायी नरहेको र संसदीय समितिले निगरानी गर्छ भन्ने हेक्का समेत सरकारलाई नहुँदा यो अवस्था आएको महिला बालबालिका समितिकी सभापति रुपाकुमारी यादवको गुनासो छ ।

राजनीतिक विश्लेषक तुलानारायण साहले केन्द्रमा समेत संसदीय समितिहरु प्रभावशाली नबनेका बेला प्रदेशमा पनि त्यस्तो अवस्था हुनु स्वाभाविक रहेको बताउँछन् । 'केन्द्रमा पनि यस्तै रोग छ । प्रदेशमा त झन् नयाँ प्रणालीको अभ्यास छ, प्रभावशाली नहुनु स्वभाविकै हो,' उनले भने । सरकार संसदप्रति उत्तरदायी भए स्वत: जनताप्रति पनि उत्तरदायी बन्ने उनको विश्लेषण छ । 'संसदीय समिति मिनी संसद हो । सरकारको नेतृत्व परिपक्व नभएमा संसदीय समितिलाई बेवास्ता गर्छन् । परिपक्व भयो भने संसदीय समितिहरुको प्रभावकारिता पनि बढ्छ । सरकार सदन र जनताप्रति उत्तरदायी हुनुपर्छ' उनी भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# मुख्यमन्त्रीको नेतृत्वमा कार्यदल गठन



साझाकुरा संवाददाता

हेटौंडा, ९ बैशाख/ बागमती प्रदेश सरकारले आर्थिक वर्ष ०८२/८३ को नीति कार्यक्रम तथा बजेट निर्माणका लागि कार्यदल बनाइएको छ । मुख्यमन्त्री बहादुर सिंह लामाको नेतृत्वमा कार्यदल निर्माण भएको हो ।

कांग्रेस संसदीय दल बागमती प्रदेशको कार्यलयमा बसेको सत्तारुढ दलको बैठकले नीति कार्यक्रम र बजेट निर्माणका लागि कार्यदल बनाउने निर्णय गरेको हो । मुख्यमन्त्री लामा संयोजक रहेको कार्यदलमा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलिया, कांग्रेस संसदीय दलका उपनेता रामकृष्ण चित्रकार, प्रमुखसचेतक गोविन्द लम्साल, एमालेका प्रमुख सचेतक मधुसुदन पौडेल र सरकारको तर्फबाट कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठ रहेका छन् ।

कार्यदलले प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेटलाई यथार्थपरक र आवश्यकतामा आधारित बनाउन भूमिका खेल्ने मुख्यमन्त्री लामाले बताए । उनले विगतको जस्तो भद्दा र महत्वाकांक्षाले भरिएको नीति कार्यक्रम नबन्ने दाबी गरे । 'कर्मचारीले तयार गरेको नीति कार्यक्रमलाई आवश्यक सुझाव र संशोधनसहित कार्यदलले अन्तिम रुप दिनेछ' मुख्यमन्त्री लामाले भने । बैठकले चालू आर्थिक वर्षको बजेट कार्यक्रममा देखिएको विवाद समाधान गर्न कार्यान्वयनमा रहेका योजनाहरुमा ५० प्रतिशतसम्म बजेट थप गर्ने निर्णय गरेको छ ।

बजेट किताबमा समावेश भएका योजनाहरुमा बजेट अपुग भएकोले केही योजनामा ५० प्रतिशतसम्म रकम थप गर्ने निर्णय गरेको मुख्यमन्त्री लामाले बताए । सरकारले खर्च गर्न नसकेको बजेट र कार्यान्वयन नभएका योजनाहरुबाट बजेट कटौती गरी सांसदहरुले पेस गरेका तीन सयभन्दा बढी योजनामा बजेट रकमान्तर गर्ने निर्णय भएको मुख्यमन्त्री लामाले जानकारी दिए ।

बजेटमाथिको विवादका कारण प्रदेशसभाको गत १९ चैतमा आह्वान भएको बैठक चल्न सकेको थिएन । बैठक नबसेपछि सरकारले प्रदेशसभाको अधिवशेन नै अन्त्य गर्नुपर्ने बाध्यता देखिएको थियो । बैठकले संसद्को बजेट अधिवेशन आह्वान गर्ने विषयमा विपक्षी दलहरुसँग संवाद गर्ने निर्णय गरेको छ ।

# रेडमी 'ए ५' को बिक्री सुरु




साझाकुरा संवाददाता

हेटौंडा, ९ बैशाख/ साओमीले नेपाली बजारमा स्मार्टफोन रेडमी ए ५ ल्याएसँगै हेटौंडामा पनि यो फोनको बिक्री सुरु भएको छ ।

एक कार्यक्रमकाबीच यो फोन सार्वजनिक गर्दै बिक्री सुरु गरिएको आधिकारिक विक्रेता श्याम अधिकारीले बताए । 'पकेटमा रकेट' ट्यागलाइनसहित आएको यस फोनमा रेडमी ए ५ मा ३२ मेगापिक्सेलको डुअल एआई क्यामेरा सिस्टम र ८ मेगापिक्सेल फ्रन्ट क्यामेरा रहेको छ । रातको समयमा समेत अनुहार उज्यालो देखाउने 'फिल लाइट' सहितको सेल्फी अनुभवले ग्राहकलाई लोभ्याउन सक्ने अधिकारीले बताए । नयाँ वाटर मार्क फिचरले फोटोमा व्यक्तिगत स्पर्श थप्ने जनाइएको छ ।

यस्तै ६ दशमलव ८८ इन्चको १२० हर्ज रिफ्रेस रेट भएको डिस्प्ले, आधुनिक फ्ल्याट फ्रेम र ८ दशमलव २६ मिमी पातलो बनावटले रेडमी ए ५ लाई थप आकर्षक बनाएको छ । यो फोन ओसन ब्लू, स्यान्डी गोल्ड, र मिडनाइट ब्ल्याक गरी तीन कलरमा उपलब्ध रहेको अधिकारीले बताएका छन् । यस फोनको बजार मूल्य तीन जिबी प्लस ६४ जिबीको १० हजार ९९९ रुपैयाँ रहेको छ भने ४ र १२८ जिबीको ११ हजार ९९९ रुपैयाँ रहेको छ ।

यो फोनको दुईवर्ष वारेन्टी समेत रहेको छ । फोन सार्वजनिक कार्यक्रममा मोवाइल एशोसिएसनका निवर्तमान अध्यक्ष नवराज चौलागाई, वरिष्ठ उपाध्यक्ष राजकुमार दाहाललगायत पदाधिकारीहरु, हेटौंडा बजारका विक्रेताहरुको उपस्थिति रहेको थियो ।

# अन्तिम समयमा परीक्षा रोकिँदा विकटका विद्यार्थीको बिचल्ली



खोटाङ/खोटाङको ऐसेलुखर्क गाउँपालिका वडा नम्बर ३, ओडारेका कक्षा १२ मा अध्ययनरत रामकुमार तामाङ १५-२० किलोको झोला बोकेर ५ घन्टाको पैदल यात्रापछि मंगलबार बाक्सिला आइपुगे । छिमेकी पालिका केपिलासगढीको केन्द्र बाक्सिला बजार आइपुग्दा साँझ छिप्पिइसकेको थियो । पसिनाले निथ्रुक्क भिजेका कपडासहित उनी एक होटलमा पसे र मोबाइलमा समाचार पढ्न थाले ।

पर्सि (बिहीबार)बाट सुरु हुने भनिएको कक्षा १२ को परीक्षा हुन्छ कि हुँदैन, उनलाई द्विविधा नै थियो । उनीसँगै थिए सँगै ५/६ घन्टा पैदल यात्राका साथीहरू ६ जना साथीहरू । त्यसो त, बितेको तीन साता उनीहरूका लागि यस्तै अन्यौलमा बिते । परीक्षा हुने हो कि होइन भन्ने द्विविधाका बीच परीक्षा तयारी गरिरहेका उनीहरू मंगलबार पौने ९ बजेतिर परीक्षा स्थगित भएको सूचना थाहा पाएर दु:खी देखिए, सँगै आक्रोशित पनि ।

सोमबार शिक्षामन्त्री विद्या भट्टराईले राजीनामा दिएसँगै परीक्षा हुने नहुने अन्यौल बढेको थियो । सोमबार आन्दोलनरत शिक्षकहरूले कक्षा १२ को परीक्षा प्रभावित हुनेगरी आन्दोलन जारी राख्ने निर्णय गरेको थियो । मंगलबार बिहान राष्ट्रिय परीक्षा बोर्डको बैठकले कक्षा १२ को परीक्षा नसार्ने निर्णय गरेको थियो ।

लगत्तै आन्दोलनरत शिक्षकहरूले परीक्षा सञ्चालनमा सहभागी नहुने निर्णय गऱ्यो । जवाफमा सरकारले सरकारी कर्मचारी राखेर परीक्षा गर्ने तयारी गरेको खबर बाहिरिए । मंगलबार साँझ अन्तिम समयमा प्रधानमन्त्री केपी ओलीले परीक्षा सार्न निर्देशन दिए । सरकारले मंगलबार राति परीक्षा स्थगित गरेको सूचना निकाल्यो भने लगत्तै नयाँ परीक्षा मिति २१ वैशाखमा तोक्यो ।

ऐंसेलुखर्क-३ ओडारेका रामकुमारले आक्रोश पोखे, 'परीक्षा सार्ने निर्णय यति अबेर किन गरेका होलान्, कति गैरजिम्मेवार छ हाम्रो सरकार, बेकारमा दु:ख पाइयो ।' छेउमै बसेका ओडारेकै सोधन तामाङको आक्रोश पनि उस्तै थियो । उनका अनुसार टाटा सुमो रिजर्भ गरेर आएको भए महंगो रकम तिर्नुपर्ने हुन्थ्यो । त्यसैले केही साथीहरू मिलेर पैदल यात्रा गरेर परीक्षा केन्द्र पुग्ने निर्णय उनीहरूले गरे ।

ऐंसेलुखर्क गाउँपालिका वडा-२ मा रहेको त्रिभुवन उच्च माविका ६० भन्दा बढी विद्यार्थीहरूको दिन अन्यौलमै बित्यो । सोधन र रामकुमारका आधाभन्दा बढी साथीहरू बाक्सिला आइसकेका छन् । केहीले भने बुधबार बिहानै आउन टाटा सुमो रिजर्भ गरिसकेका छन् ।

बाक्सिला आइसकेका परीक्षार्थीहरूलाई घर फर्कन कि महंगोमा टाटा सुमो रिजर्भ गर्नुपर्छ कि अग्ला अग्ला पहाडहरू नाघेर पुन: ५/६ घन्टा पैदल यात्रा गर्नुपर्छ ।

मंगलबार १२ बजे साथीहरूसँगै बाक्सिला हिंडेका विवेक तामाङ पनि साँझ ६ बजे बाक्सिला आइपुगे । उनले पनि १६ दिनसम्म परीक्षा केन्द्रनजिकै बस्न किताब-कापी र लत्ताकपडा १५-२० किलोका झोला बोकेका थिए । वैशाखको प्रचण्ड गर्मीमा अग्ला पहाडहरू उक्लिएर बाक्सिला आइपुगेका विवेकको पनि आक्रोश उस्तै छ, 'परीक्षा रोक्नु नै थियो भने समयमै रोक्न सरकारलाई के ले रोकेको थियो, बेकारमा दु:ख मात्रै पाइयो,' उनले भने ।

परीक्षा हुन्छ हुन्न भन्ने द्विविधाले पढाइमा ध्यानै नगएको उनले बताए । 'सरहरूको आन्दोलन चलिरहेकै छ, सरकारको जवाफ हेर्दा २१ गते पनि परीक्षा हुन्छ कि हुन्न भन्ने अवस्था छ,' उनले भने, 'भोलि फेरि फर्कनुपऱ्यो । पछि फेरि आउनुपऱ्यो । अब २१ गते पनि परीक्षा हुन्छ कि हुन्न, शंकै छ ।'

ऐसेलुखर्कका सुजन तामाङ र देउकुमार तामाङका अनुसार गहुंगो भारी, परीक्षाको तनाव र गर्मीले शरीर निथ्रुक्क भिजेको मात्रै छैन, गलेको पनि छ । 'हामीले त गर्मी सहन नसकेर ६ घन्टा हिंड्दा रावा खोला र लिदिङ खोलामा पौडी खेल्दै आयौं, अब भोलि कसरी फर्कने हो ?' देउकुमारले भने । ऐंसेलुखर्क झाँक्रीवासका सुजन परीक्षा नहुने खबर ढिलो थाहा पाउँदा दु:ख लाग्नुका साथै सरकारसँग रिस उठेको बताउँछन् । 'दु:ख मात्रै पाइयो, समयमै निर्णय गर्न नसक्ने सरकार र परीक्षा प्रभावित गर्ने गरी आन्दोलन गर्ने शिक्षक यसमा दोषी छन्, हाम्रो भविष्य अनिश्चित भयो,' उनले भने ।

बाक्सिला आइपुगेका अर्का विद्यार्थी रोशन तामाङले आक्रोशित हुँदै संचारकर्मीसँग भने, 'समयमै सूचना पाएको भए हामीले यति दु:ख पाउने थिएनौं, पसिनाले शरीर निथ्रुक्कै भिजेका छन्, रिसले टाउको तातेको छ ।' सरकारले समयमै निर्णय गर्न नसक्दा देशभरीका हजारौं विद्यार्थीले दु:ख पाएको र उनीहरूको भविष्य अनिश्चित बनेको रोशनको दु:खेसो छ । 'हामीजस्ता विकट क्षेत्रका विद्यार्थीलाई कम्ता दु:ख भयो, अहिले दु:ख त पाइयो नै, भविष्य पनि अनिश्चित होला जस्तो छ,' उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# इन्जिनियरिङ समुदायको...

नेपालमा इन्जिनियरहरूको मुख्य छाता संस्था नेपाल इन्जिनियर्स एशोसिएसन (एनईए) रहेको छ, जसले विभिन्न कार्यक्रम, सेमिनार र पेशागत मुद्दामा ध्यान दिँदै आएको छ । यद्यपि, यो संस्था अझै सबै तहका इन्जिनियरहरूको समस्याको सम्बोधन गर्ने, नीति निर्माणमा प्रभाव पार्ने वा प्रविधि-केन्द्रित राष्ट्रिय बहसमा प्रभावकारी रुपमा अग्रसर हुने अवस्थामा छैन । प्राय: युवा इन्जिनियरहरू वा नयाँ पुस्ता यस संस्थासँग गहिरो सम्बन्धमा देखिँदैनन र त्यस्तो आकर्षण प्रवर्द्धन हुन सकेको छैन । सैद्धान्तिक रुपमा लोकतन्त्रका आधारभूत मान्यताहरु प्रति प्रतिबद्ध इन्जिनियरहरुको छाता संगठन "सेन्टर फर डेमोक्रेटिक इन्जिनियर्स नेपाल (सिडेन)" ले समेत संगठित रुपमा इन्जिनियरहरुको आवाजको प्रतिनिधित्व गर्दै आएको छ ।

यसका साथै अन्य विविध विधागत तथा वैचारिक एवं पार्टीगत रुपमा गठन भएका सँस्थाहरुले समेत त्यस्तो आवाजको प्रतिनिधित्व गरेका छन् । तर त्यस्ता संगठित आवाजहरू समेत वास्तविक समस्या समाधान भन्दा पनि निश्चित पदीय दाउपेच र निजी पहुँच विस्तारको कोपभाजनमा परि शिथील भएको महसुस गर्न सकिन्छ । यस्तोमा सबैखाले संगठित संस्थाहरुमा प्रभावकारी सोच र नवीन नेतृत्व तथा कार्यशैलीको आवश्यकतालाई नजरअन्दाज गर्नु हुँदैन ।

आजको नयाँ पुस्ता, जसमा उद्यमशीलता, नवप्रवर्तन, तथा सामाजिक जिम्मेवारीको भावना प्रबल छ, ती आवाजहरूलाई समेटेर सामूहिक रूपमा प्रस्तुत गर्नु अत्यावश्यक छ । व्यक्तिगत स्तरमा समस्या अनुभव गरिए पनि, जबसम्म ती आवाजहरू संस्थागत रूपमा उठ्दैनन्, तबसम्म राज्य वा समाजबाट सुनुवाइ हुने सम्भावना न्यून हुन्छ । उदाहरणका लागि, बेरोजगारी, न्यून पारिश्रमिक, कामको असुरक्षा, वा बौद्धिक पलायन जस्ता समस्याहरूको दीर्घकालीन समाधान एकल प्रयत्नले सम्भव हुँदैन, संगठित आवाज र दबाब आवश्यक पर्छ ।

अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा हेर्दा, धेरै मुलुकहरूमा इन्जिनियरहरूका पेशागत संस्थाहरू नीतिगत सल्लाहदाता, विकास साझेदार, र प्रविधि रणनीतिका निर्माता बन्न सफल भएका छन् । अमेरिकाको "National Society of Professional Engineers (NSPE)" वा भारतको "Institution of Engineers (India)" जस्ता संस्थाहरू सरकारको योजना निर्माणदेखि प्रविधिमा लगानीको ढाँचासम्म प्रभाव पार्न सक्षम छन् । नेपालमा पनि यस्तै शक्तिशाली, समावेशी र अद्यावधिक सोच राख्ने संस्थाको आवश्यकतालाई नेपाल इन्जिनियर्स एसोसिएसनले परिपूर्ण गर्न अग्रसर बन्न आवश्यक छ ।

इन्जिनियरहरूको संगठित आवाज केवल पेशागत हकका लागि होइन, सामाजिक उत्तरदायित्वका लागि पनि हुनुपर्छ । नवीन प्रविधि, विपदजन्य प्रकोप, जलवायु परिवर्तन, दिगो विकास, स्मार्ट सिटी निर्माण, ग्रीन टेक्नोलोजी प्रवर्द्धनजस्ता समसामयिक विषयमा इन्जिनियरहरूले सामूहिक धारणा निर्माण गर्न सक्ने क्षमता विकास गर्नु अत्यावश्यक छ । यसका लागि प्राविधिक बहस, नीति संवाद, अनुसन्धान प्रकाशन तथा जनचेतना अभियानहरू संस्थागत रूपमा अगाडि ल्याउनु पर्छ ।

यसैगरी, महिलाहरू, संघर्षशील पृष्ठभूमिबाट आएका युवा इन्जिनियरहरू तथा स्वतन्त्र पेशागत अभ्यास गर्ने इन्जिनियरहरूको आवाजलाई पनि संस्थागत तहमा स्थान दिनुपर्छ । सबैको प्रतिनिधित्व हुने संगठन मात्र समावेशी र सशक्त बन्न सक्छ । इन्जिनियरहरूको संगठित आवाज विकास, लोकतन्त्र र समावेशीकरणको आधार हो । यो आवाज सशक्त बनाउनका लागि सुचित र सचेत नयाँ नेतृत्व, प्रविधिमैत्री संरचना, स्वतन्त्र चिन्तन, र नीति संवादमा सक्रियता आवश्यक छ । राष्ट्र निर्माणमा योगदान दिइरहेका इन्जिनियरहरू आफैं सक्षम मात्र होइन, संगठित, उत्तरदायी र प्रभावकारी हुनुपर्छ, यसले उनीहरूको भूमिका अझै सम्मानित र दिगो बन्नेछ ।

राष्ट्र निर्माणका मौलिक आधारहरू मध्ये एक इन्जिनियरिङ क्षेत्र हो, जसले पूर्वाधार, ऊर्जा, सूचना प्रविधि, आवास, यातायात, कृषि तथा औद्योगिक विकास जस्ता मुख्य क्षेत्रहरूलाई चलायमान बनाउँछ । यति महत्त्वपूर्ण क्षेत्र हुँदाहुँदै पनि नेपालमा राजनीतिज्ञहरूबाट इन्जिनियरिङ क्षेत्रले पाएको स्थान अपेक्षाअनुसार सम्मानजनक र प्राथमिकतामा परेको देखिँदैन । योजनामा उल्लेख भए पनि व्यवहारमा इन्जिनियरिङ पेसा र प्राविधिक जनशक्तिप्रति हुने दृष्टिकोण अझै उपेक्षापूर्ण, अवसरविहीन र कहिलेकाहीं केवल परियोजना कार्यान्वयनमा सीमित गरिने खालको देखिन्छ ।

*(साभार: अनलाइनखबर)*

# 'महाभोज'को टिजरमा सहकारी ठगीको कथा



काठमाडौं/यतिबेला एकपछि अर्को सहकारी ठगीको घटना बाहिर आइरहेको समयमा यो विषय अब फिल्ममा पनि उठ्न थालेको छ । आगामी जेठ १५ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'महाभोज'ले सहकारी ठगीको विषय उठाएको छ । मंगलबार सार्वजनिक टिजरले फिल्मको कथावस्तुबारे प्रकाश पार्छ । फिल्ममा अभिनेता दयाहाङ राई सहकारी प्रमुखको भूमिकामा छन् ।

झन्डै २ मिनेट लामो टिजरमा पैसाले निम्त्याएको पारिवारिक तथा सामाजिक द्वन्द्व र सहकारीको पैसा अपचलन भएपछि उत्पन्न परिस्थितिलाई देखाइएको छ । टिजर अनुसार आर्यन सिग्देल गाउँपालिका अध्यक्षको भूमिकामा छन् । खगेन्द्र लामिछाने र अञ्जना बराइलीलाई पति-पत्नीको रूपमा देख्न सकिन्छ । गौमाया गुरुङले दयाहाङको श्रीमतीको भूमिका निभाएकी छन् ।

दिनेश राउतको निर्देशनमा तयार भएको फिल्ममा मलिका महत, वसुन्धरा भुसाल, मोहन निरौला, बुद्धि तामाङ, कमलमणि नेपाल, पुष्कर गुरुङ, विनोद न्यौपाने, वीरेन्द्र सिंह कुशवाह लगायतको पनि अभिनय छ । क्लक वर्क क्रियशन र पिक्चर फ्रेमको संयुक्त ब्यानरमा निर्माण भएको फिल्मका निर्माता हिमाल कडरिया र कार्यकारी निर्माता किरण नेपाली हुन् ।

फिल्ममा विकास सुवेदीको लेखन, राजेश श्रेष्ठको छायांकन, सुनिल क्षेत्री र मौसम हिमालीको नृत्य निर्देशन तथा निमेष श्रेष्ठको सम्पादन रहेको छ । फिल्मले वर्ग संघर्षलाई कथानकको मूल विषय बनाएको छ । निर्देशक राउतका अनुसार फिल्ममा पैसाले सिर्जना गर्ने पारिवारिक, सामाजिक तथा नैतिक दबाबको कथा छ, जहाँ पात्रहरु आफ्नै अस्तित्व र आत्मसम्मानको लडाइँमा छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# संघीय निजामति कर्मचारी ऐन जारी गर्न माग गर्दै सभामुखलाई ज्ञापनपत्र

साझाकुरा संवाददाता



हेटौंडा, ९ बैशाख/संघीय निजामति कर्मचारी ऐन जारी गर्न माग गर्दै प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेलाई ज्ञापनपत्र बुझाइएको छ ।

बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र जिल्ला प्रशासन कार्यालय मार्फत्सभामुख घिमिरेलाई ज्ञापनपत्र बुझाइएको हो । संयुक्त ट्रेड युनियन सञ्जालले ११ बुँदामा आफ्ना मागहरु समेटेर बागमती प्रदेश सरकारका निमित्त प्रमुखसचिव उदय रानामगर र सचिव रितेश शाक्यलाई तथा जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत सरोजकुमार पौडेललाई ज्ञापनपत्र बुझाएको हो । संघीय निजामति ऐन तत्काल जारी गर्न माग गर्दै सञ्जालमा आवद्ध कर्मचारीहरुले ज्ञापनपत्र बुझाएका हुन् ।

संघीय राज्य व्यवस्था कार्यान्वयनको एक दशक अवधिमा संघ, प्रदेश तथा स्थानीय तहको कर्मचारी प्रशासनलाई व्यवस्थापन एवम् मार्गदर्शन गर्ने संघीय निजामति सेवा ऐन जारी नहुँदा सार्वजनिक प्रशासन अन्योल र अस्थिर बनेको उनीहरुको भनाई छ । सार्वजनिक सेवाप्रवाहको प्रमुख माध्यम निजामति सेवा व्यवस्थापन सरकारको प्राथमिकतामा नपर्नु गम्भिर चिन्ताको विषय बनेको नेपाल निजामति कर्मचारी युनियनका पूर्वकेन्द्रीय सदस्य दीपकराज मिश्रले बताए ।

मन्त्रीपरिषद्बाट २०८० भदौमा निर्णय गरी फागुनमा संसदमा पेश भएको निजामति कर्मचारी विधेयक २०८१ भदौमा छलफल हुनु र ढिलो गरी छलफल प्रारम्भ भएको विधेयकमा राज्य व्यवस्था तथा सुशासन समितिले गठन गरेको उपसमितिले संयुक्त ट्रेड युनियनबाट उठान गरिएका विषय समावेश नगरी समितिमा प्रतिवेदन पेश गरेको उनले बताए । यो विषयमा आफूहरुको माग र मुद्दालाई उपसमितिले बेवास्ता गरेको संयुक्त ट्रेड युनियन सञ्जालको ठहर रहेको उनको भनाई छ ।

संयुक्त ट्रेड युनियन सञ्जाल निजामति ऐन जारी हुने पक्षमा रहेको र निरन्तर दवावमूलक कार्यक्रममा रहेको समेत उनले जानकारी दिए । सञ्जालले उठान गरेका मागहरुप्रति सरकार र संसद उदासिन भई सुनुवाई नगरे थप आन्दोलनको कार्यक्रम सार्वजनिक गर्न बाध्य हुने उनले चेतावनी दिए ।

**यस्तो छ कर्मचारी संञ्जालको मागहरू**

१. निजामति कर्मचारी भन्नाले संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै कर्मचारीलाई सम्झनु पर्छ भन्ने विषय परिभाषामा समेट्नु पर्ने ।
२. संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध कायम हुने गरी पेसागत हकहित र अधिकारका लागि संगठित हुन कार्यालय प्रमुख हुने बाहेक शाखाअधिकृत वा आठौं तहसम्मका कर्मचारीहरु सदस्य हुन पाउने गरी सामूहिक सौदावाजी सहितको राष्ट्रियस्तरका ट्रेड युनियन र आधिकारिक ट्रेड युनियनको व्यवस्था हुनुपर्ने ।
३. राजपत्र अनंकित द्वितीय श्रेणी वा सहायक चौथो तहमा पदपूर्ति गर्दा खुला ७० प्रतिशत अन्तर तह २० प्रतिशत र बढुवा १० प्रतिशत, राजपत्रांकित तृतीय श्रेणीको पदपूर्ति सम्बन्धी व्यवस्थामा खुला ५० प्रतिशत, बढुवा ४० प्रतिशत र अन्तर तह/आन्तरिक १० प्रतिशत र रा.प.द्वितीय श्रेणी वा नवौं तहको पदपूर्तिका लागि खुला १० प्रतिशत, अन्तर तह/आन्तरिक प्रतियोगिताबाट १० प्रतिशत र बढुवाबाट ८० प्रतिशत पदपूर्ति गर्ने व्यवस्था हुनुपर्ने । साथै योग्यता पुगेका सहायकस्तर र रा.प. अन. श्रेणीका कर्मचारीलाई पनि रा.प. द्वितीय श्रेणीको खुल्ला प्रतियोगितामा सहभागि हुने व्यवस्था गर्नुपर्ने ।
४. कुनै पनि पदमा ५ वर्ष सेवा अवधि भएको कर्मचारीलाई एक तह वृद्धि र १० वर्ष वा सोभन्दा बढी सेवा अवधि भएको कर्मचारीलाई पछिल्लो ५ वर्षको कार्यसम्पादन मूल्यांकनबाट कम्तिमा ९० प्रतिशत अंक प्राप्त गरेका, प्रचलित कानून बमोजिमको योग्यता पुगेका कर्मचारीलाई दुई तह वा एक श्रेणी वृद्धि गरी तह मिलान गर्नुपर्ने र प्राविधिक सेवामा कार्यरत कर्मचारीको बढुवाको हकमा सेवा प्रवेश गर्दाको शैक्षिक योग्यता वा सेवा प्रवेशका लागि तोकिएको तालिमलाई आधार मानी बढुवा गर्ने व्यवस्था गर्ने । साथै बढुवाको सम्भाव्य उमेदवार हुन राजपत्रांकित कर्मचारीको हकमा ५ वर्ष र राजपत्र अनंकित कर्मचारीको हकमा ३ वर्ष कायम हुनुपर्ने ।
५. संघीय निजामति सेवा ऐन जारी भएपछि संघीय कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई एकपटकका लागि समयोजनका लागि छनोटको अवसर प्रदान गर्नुपर्ने ।
६. निजामति कर्मचारीको सरुवा प्रणालीलाई व्यवस्थित गर्न चक्रिय र पूर्वानुमानयोग्य बनाउँदै सम्बन्धित प्रदेश तथा स्थानीय तहको सहमतिको आधारमा अन्तरप्रदेश र अन्तरप्रदेश स्थानीय तह सरुवाको व्यवस्था गर्ने ।
७. संघ, प्रदेश तथा स्थानीय तहको जुनसुकै तहमा कार्यरत कर्मचारीले खुला/आन्तरिक प्रतिस्पर्धाबाट अर्को तहमा नियुक्ति भएमा निजको सेवा निरन्तरताका साथै निवृत्तिभरण पाउने गरी नियुक्त भएको कर्मचारीले प्रदेश र स्थानीय तहमा आन्तरिक तथा खुल्ला परीक्षा उत्तीर्ण गरेमा निवृत्तिभरण प्राप्त गर्ने प्रावधान कायम गर्नुपर्ने ।
८. अस्थायी करारमा काम गरेका कर्मचारीलाई एकपटक उमेरको हद नलाग्ने गरी सीमित प्रतियोगिताबाट स्थायी गर्ने र हुन नसक्ने कर्मचारीलाई स्थायी सरहको उपदान दिएर अवकाश दिने व्यवस्था गर्ने र करारमा नियुक्ति गर्नु परेमा लोकसेवा आयोगको अस्थायी सूचीमा परेका उम्मेदवारलाई नियुक्ति दिने व्यवस्था गर्ने ।
९. लोकसेवा आयोगबाट २०७६ सालमा नियुक्त स्थानीय तहमा कार्यरत कर्मचारीको स्थानीय तहको दोहोरो सहमतिका आधारमा कामकाज गर्न खटाइएका कर्मचारीलाई कार्यरत रहेको स्थानीय तहमा पदस्थापन गर्नुपर्ने ।
१०. स्वास्थ्य सेवा र संसद सेवालाई निजामति सेवामा समावेश गरी विशिष्टिकृत सेवाको रुपमा विकास गर्ने ।
११. राजपत्रांकित विशिष्ठ श्रेणीको पदमा अतिरिक्त सचिवको पद सृजना गर्दा निजामति सेवा ऐन लागु भएपछि नियुक्त हुने अतिरिक्त सचिव सेवा अवधि तोकिनुपर्ने ।

मन्त्री महर्जनको प्रश्न: ६१ करोडबाट खेलकुदको विकास कसरी हुन्छ ?

# युवा पलायन रोक्न खेलकुदमा बजेट बढाउन जरुरी



साझाकुरा संवाददाता

हेटौंडा, ९ बैशाख/बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले खेलकुदक्षेत्रलाई सरकारले पर्याप्त बजेट नदिएको गुनासो गरेका छन् ।

प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशको आयोजनामा मंगलबारदेखि हेटौंडामा सुरु भएको खेलकुद पत्रकारितासम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री महर्जनले खेलकुदक्षेत्र सरकार को प्राथमिकतामा नपर्दा दु:ख लागेको बताए । उनले प्रदेश सरकारको बजेटमा खेलकुदक्षेत्रलाई उपेक्षा गरिएको भन्दै गुनासो गरे । खेलकुद क्षेत्रलाई पर्याप्त बजेट नदिँदा खेलाडीमा नैराश्यता पैदा भएको उनको भनाइ छ । खेलकुदक्षेत्रमा राज्यको चासो कम पर्दा विदेशिने युवाको संख्या बढिरहेको उल्लेख गर्दै मन्त्री महर्जनले युवा पलायन रोक्न पनि खेलकुदक्षेत्रमा बजेट बढाउन जरुरी रहेको बताए ।

'बागमती प्रदेश खेलकुदको हब हो । बागमती प्रदेशका ८० प्रतिशत खेलाडीले देशमा प्रतिनिधित्व गरेका छन् । तर, खेलकुद मन्त्रालयको चालू आर्थिक वर्षमा ७४ करोड बजेटको सिलिङ रहेको छ । २४-२५ करोड रुपैयाँ चालूखर्च हुन्छ । बाँकी रकमले खेलकुदक्षेत्रमा काम गर्नुपर्ने अवस्था रहेको छ,' उनले भने, 'आगामी आर्थिक वर्षमा पनि पुरानै शैलीमा ६१ करोड रुपैयाँको सिलिङ तोकिएको छ । प्रदेश सरकारको प्राथमिकतामा खेलकुदक्षेत्र पर्न सकेको छैन ।' प्रदेश सरकारको देखिने र युवा तथा नागरिकसँग प्रत्यक्ष जोडिएर काम गर्ने खेलकुद मन्त्रालय भएपनि सरकारका नेतृत्वमा रहेका व्यक्तिलाई खेलकुदको अवस्थाबारे बुझाउन नसकिएको उनले बताए ।

कार्यक्रममा प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव दीपक लामाले खेलकुदक्षेत्रको विकास पुरानो ढर्राबाट हुन नसक्ने बताए । नयाँ ढंगबाट लगानीको उत्पादन अध्ययन गरेर काम गर्नुपर्नेमा उनले जोड दिए । सम्भाव्यता अध्ययन गरेर सरकारले लगानी गर्नुपर्ने उनले बताए । जनघनत्व र आवश्यकताको आधारमा लगानी गरेर पूर्वाधार निर्माणमा जोड दिनुपर्ने उनको भनाइ छ ।

कार्यक्रममा परिषद्का कार्यालयप्रमुख सूर्यबहादुर दाहाल, पत्रकार महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्ट, जिल्ला अध्यक्ष बालकृष्ण अधिकारी लगायतको आतिथ्यता रहेको थियो । २ दिनसम्म हुने कार्यक्रममा प्रकाश तिमल्सिना र पवन आचार्यले खेलकुद पत्रकारितासम्बन्धी प्रशिक्षण दिनेछन् ।


## शिक्षक आवश्यकता

*दोस्रो पटक प्रकाशित मिति : २०८२/०१/१० गते*

प्रस्तुत विषयमा शिक्षा विकास महाशाखा हेटौंडा उपमहानगरपालिका मकवानपुरको मिति २०८१/१२/२१ च.नं. ७१९को प्राप्त पदपूर्ति अनुमति पत्र तथा विद्यालय व्यवस्थापन समितिको २०८२/०१/०७ को निर्णयअनुसार यस विद्यालयमा रिक्त माध्यमिक तह गणित (राहत कोटा) बाट तपसिल बमोजिमको माध्यमिक तह गणित (राहत) शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले उल्लेखित योग्यता पुगेका नेपाली नागरिकहरूबाट ७ दिनभित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

विज्ञापन नं : ०१/२०८१
पद : मा.वि. गणित (राहत कोटा)
संख्या : १ (एक)
नियुक्ति किसिम: मावि तह गणित राहत कोटा/करार
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
तलब : नेपाल सरकारले तोके बमोजिम
आवश्यक शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषयमा स्नातक तह उत्तीर्ण

आवश्यक कागजात :
१) निवेदन (हस्तलिखित)
२) नेपाली नागरिकता प्रमाणपत्रको छायाँप्रति-२
३) मा.वि.तहको स्थायी अध्यापन अनुमतिपत्रको छायाँप्रति-२
४) शैक्षिक योग्यताको प्रमाणपत्रको छायाँप्रति-२
५) बायोडाटा एक प्रति/अनुभव केहीभए सो समेतको छायाँप्रति-२
परीक्षा दस्तुर : रु. २०००। (दुई हजार रुपैंया मात्र)
दरखास्त दिने अन्तिम मितिः २०८२/०१/१६ गते विद्यालय समयसम्म
सम्पर्क मिति : २०८२/०१/१७ गते
परीक्षामिति : सम्पर्क मितिमा तोकिने ।
परीक्षा किसिम : लिखित, मौखिक र आवश्यक्ता अनुसार कक्षा अवलोकन

*थप जानकारीको लागि:*

**श्री राजदेवी माध्यमिक विद्यालय**
हे.उ.म.न.पा.-१७, मकवानपुर
सम्पर्क नं.:९८४५५६८००० (प्र.अ), ९८४५१२२५२५(अध्यक्ष वि.व्य.स.)


# मेयरकप जेठ ३ गतेदेखि हुने



साझाकुरा संवाददाता

हेटौंडा, ९ बैशाख/मेयर कप फुटबल प्रतियोगिता यसवर्ष जेठ ३ गतेदेखि हुने भएको छ । हेटौंडा उपमहानगरका वडाहरुबीच प्रतिस्पर्धा गराई दक्ष खेलाडी उत्पादन गर्ने, वडा-वडाबीच सुमधुर सम्बन्ध बिस्तार गर्ने उद्देश्यसहित प्रतियोगिता आयोजना गर्न लागिएको मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा हुने प्रतियोगितामा उपमहानगरका १९ वटै वडाबाट सिफारिस भएर आएका टिमको सहभागिता रहने नगर खेलकुद विकास समितिका अध्यक्ष रविन्द्रप्रसाद घिमिरेले जानकारी दिए । उनका अनुसार, प्रतियोगितामा भाग लिन चाहने टिमले वैशाख २८ गतेसम्म नगरपालिकाको कार्यालय, खेलकुद विकास समितिमा निशुल्क दर्ता गर्न सक्नेछन् । राष्ट्रिय टिममा आबद्ध भैसकेका खेलाडीले प्रतियोगितामा सहभागिता जनाउन पाउने छैनन् ।

प्रतियोगितको विजेता टिमले नगद दुई लाख ५० हजार र उपविजेताले २ लाख नगद सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यस्तै, विधागततर्फ सर्वोत्कृष्ट खेलाडीलाई १५ हजार, उत्कष्ट फरवार्ड, किपर, उत्कृष्ट प्रशिक्षक र डिफेन्सलाई जनही नगद १० हजार प्रदान गरिने अध्यक्ष घिमिरेले बताए । प्रतियोगिता सञ्चालनका लागि हेटौंडा उपमहानगरले २० लाख बजेट विनियोजन गरेको छ । यसअघि सम्पन्न मेयरकप फुटबल प्रतियोगिता-२०८१ को उपाधि हेटौंडा-४ ले जितेको थियो ।

# व्यूटिसियन तथा मेकअप तालिम सुरु, ह्याण्डीक्राफ्ट तालिमको समापन

साझाकुरा संवाददाता



हेटौंडा, ९ बैशाख/मकवानपुरको कैलाश गाउँपालिका-९ नामटारमा व्यूटिसियन तथा मेकअप तालिम सुरु भएको छ ।

३३ दिनसम्म सञ्चालन हुने तालिमको मंगलबार एक कार्यक्रमकाबीच उद्घाटन गरिएको छ । वडा नम्बर ९ का वडाध्यक्ष भूवनसिं घलानको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मोक्तानको प्रमुख आतिथ्यतामा तालिमको उद्घाटन गरिएका हो । कार्यक्रममा अध्यक्ष मुक्तानले कैलाशमा पहिलो पटक सौन्दर्यकला सम्बन्धी तालिम आयोजना गरिएको बताए । सीप सिकेर महिलालाई आयआर्जनमा जोड्न यस्ता तालिम प्रभावकारी बन्ने अध्यक्ष मोक्तानको विश्वास थियो ।

उनले तालिममा सहभागीलाई सिकेको सीपलाई व्यवहारमा लागू गर्न आग्रह गरे । गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले व्यक्तिगत र व्यावसायिक रुपमा आवश्यक तालिम रहेको बताएका छन् । बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय र कैलाश गाउँपालिकाको साझेदारीमा आयोजित गृहिणी महिला सशक्तिकरण कार्यक्रम अन्तरगत तालिम आयोजना गरिएको हो । तालिममा १८ जना गृहिणी तथा किशोरीको सहभागिता रहेको छ । तालिममा सामान्य मेकअपदेखि दुलही श्रृंगारसम्मको सीप प्रदान गरिने बताइएको छ ।

कार्यक्रमअन्तरगत सीपमूल उद्यमशिलता तथा १५ दिने ह्याण्डीक्राफ्ट तालिमको मंगलबार समापन भएको छ । गत चैत २५ गतेदेखि सुरु भएको तालिम कैलाश-१० कुमलटारमा सञ्चालन भएको थियो । २० जनाको सहभागिता रहेको तालिमलाई जनजागरण नेपालले आयोजना गरेको हो । संस्थाका अध्यक्ष लक्ष्मी गोलेको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष मोक्तानको प्रमुख आतिथ्यतामा तालिम समापन गरिएको हो ।

सिकेको सीपलाई कार्यान्वयन गर्न अध्यक्ष मोक्तानले सहभागीलाई आग्रह गरेका छन् । सीप सिकेपछि आफू स्वयम्मा पनि परिवर्तन हुनुका साथै आर्थिकपक्षमा सहजता हुने उनले बताए । समूह दर्ताको प्रक्रिया बढाउनु भएको रहेछ, अब आगामी दिनमा समूहमा रहेर उद्यम गर्न आवश्यक साथ सहयोग गाउँपालिकाले गर्नेछ, अध्यक्ष मोक्तानले भने । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ल, वडा नम्बर १० का वडाध्यक्ष सूर्यबहादुर ब्लोन, तालिमका प्रशिक्षक सुशीला राई र नानीमाया विष्ट, महिला, बालबालिका तथा जेष्ठनागरिक शाखाप्रमुख रमिला सापकोटालगायतको आतिथ्यता रहेको थियो ।


## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/०१/०९ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक-माइली बयलकोटी सर्किने भन्ने मंगली बयलकोटी (लिने)* *जग्गावाला- प्रेम बहादुर बानियाँ (दिने)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ७ बस्ने प्रेम बहादुर बानियाँको नाममा सर्वे नाप नक्सा भएको जिल्ला, मकवानपुर साविक हटिया गाविस वडा नं. ७ का तपशिल बमोजिमका जग्गा र.नं. ३१३५ मिति २०४२/०१/२४ को पारित राजिनामा लिखतबाट जिल्ला मकवानपुर हटिया पं. वडा नं.६ बस्ने संशरे बयलकोटीको बुहारी बलराम बयलकोटीको पत्नि माइली बयलकोटी सर्किनीले खरिद गरी लिएकोमा सो पारित लिखत बमोजिमको मौजे गोठ दमार को रै.नं. ३० को ज. वि. ०-१३-१० जग्गा तथा हाल सर्वे नाप नक्सा भएको कि.नं. ५०९ को क्षेत्रफल ज. वि. ०-१३-१.५ पूरा जग्गा खरिदकर्ता माइली बयलकोटी सर्किनी भएकोमा मिति २०४६/११/२१ मा जारी भएको ना.प्र.नं. १२४ को नागरिकता प्रमाणपत्रमा नाम मंगली बयलकोटी भएकोमा दुवै नाम थर गरेको व्यक्ति भएकोले उल्लेखित जग्गा साविक खरिद गरेको समय देखि नै मैले भोग चलन गर्दै आएको भनि हेटौंडा उपमहानगरपालिका १८ नम्बर वडा कार्यालको च.नं. २०६१ मिति २०८१/०९/२५ को हकभोग समेत खुलेको छुट जग्गा दर्ता सम्बन्धी सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, पारित राजिनामा लिखत, माइली बयलकोटी सर्किनी र मंगली बयलकोटी एउटै रहेको व्यहोरा प्रमाणित किटानी सिफारिस साविक भोग लगत तथा फिल्डबुक उतार समेत संलग्न राखी द.नं. ०९३ मिति २०८१/०९/२९ बाट माग दावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: तल उल्लेखित तपशिलका जग्गा निवेदकको नाममा छुट जग्गा दर्ता, दा.खा./नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा छुट जग्गा दर्ता, दा.खा./नामसारी गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदक भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदकहरु बाहेक अरु कसैको हकभोग भएको भए वा फरक-फरक नाम थर भएको व्यक्ति फरक-फरक भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू- संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकाशित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | प्रेम बहादुर बानियाँ गा.पं.हटिया वडा नं.-७ बुवा- भैरव बहादुर बाजे- इन्द्र बहादुर | हटिया | ७ | ५०९ | ०-१३-१.५ | माइली बयलकोटी सर्किनी भन्ने मंगली बयलकोटी | जिल्ला मकवानपुर हटिया पं, मौजे-गोठ दमार रै.नं. ३० को जग्गाधनी प्रेम बहादुर बानियाँ |

*ईति संवत २०८२ साल बैशाख महिनाको ०९ गते रोज ३ शुभम्.................।*



